जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाहलगायत अन्य भोजभेतरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष २५ •अंक १८८ • २०७९ साल मंसिर १७ गते शनिबार (3 December, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

# सवै पदको प्याकेज गृहकार्यमा सत्ता गठबन्धन

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तागठबन्धनले राष्ट्रपति देखि प्रदेशका मन्त्री सम्मको पद बाँडफाँट प्याकेजमा गर्ने तयारी थालेको छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन परिणाम घोषणा सकिन लग्दै गर्दा राजनीतिक वृतमा मुलुकको भावी कार्यकारी प्रमुख र राष्ट्राध्यक्षसहित मुख्य पदाधिकारी को को हुने प्याकेजमा पद बाँडफाँटको कार्यलाई तीव्रता दिन थालिएको छ।

निर्वाचन परिणामले अहिलेको सत्ता गठबन्धनलाई झिनो बहुमतको सुविधा दिने संभावना नजिक हुँदै गएकाले प्रधानमन्त्री शेरवहादुर देउवा र पूर्व प्रधानमन्त्रीहरु माधवकुमार नेपाल र पुष्पकमल दाहाल नै राजकीय पदहरुको बाँडफाँटमा मुख्य भूमिका निर्वाह गर्ने स्थिति देखा परेको छ।

यस क्रममा कांग्रेस सभापति देउवा, दाहाल र नेपालले आ-आफ्नो नजिककाहरुलाई सवै राजकीय पदको बाँडफाँट प्याकेजमा गर्न आवश्यक तयारीकालागि गृहकार्य गर्ने जिम्मेदवारी दिएको बुझिएको छ। कांग्रेसका उपसभापति पूर्णवहादुर खड्का, पूर्व अर्थमन्त्री जनार्दन शर्मा र नेकपा समाजवादीका तर्फवाट पूर्व मन्त्री शेरवहादुर कुँवरले प्रारम्भिक गृहकार्यको जिम्मेवारी पाएको बताइएको छ तर, औपचारिक रुपमा यस बारे कुनै पनि दलले केही बताएका छैनन् ।

प्रधनमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख सात मुख्यमन्त्रीहरु, राष्ट्रियसभाका उपाध्यक्ष, मुख्य-मुख्य मन्त्री पद, प्रदेश प्रमुख, प्रदेशका सभामुख र उपसभामुख तथा मुख्य-मुख्य मन्त्री पदहरु, समेत एउटै प्याकेजमा राखेर गठबन्धनका दलहरु र थपिन सक्ने दलहरुको बीचमा भागबण्डा गर्न सकिने भावना बारे गृहकार्य गर्न ती नेताहरुलाई जिम्मेवारी दिइएको छ । प्रदेश १, मधेश र लुम्बिनीमा समेत गठबन्धनकै सरकार बनाउन सक्ने उपायको खोजी पनि सोही समूहले गर्ने गरी गृहकार्य अगाडि बढाइएको बताइएको छ। आगामी सरकार जसरी पनि वर्तमान गठबन्धनकै बनाउने सुनिश्चितताकालागि गठबन्धनमा थप दलहरु थप्ने योजना अन्तर्गत नै पहिलो प्राथमिकतामा नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीलाई राखिएको र ती दलसंग संवाद सुरु भई सकेको जानकारी दिइएको छ।

नागरिक उन्मुक्ति संग स्वतन्त्र एक सहित ४ जना संघीय सांसद र सुदूर पश्चिम प्रदेश तथा लुम्बिनी प्रदेशमा सरकार बनाउन सहयोगी हुने संख्या रहेको र जनमत पार्टीसंग मधेश प्रदेशमा निर्णायक स्थिति रहेकाले सत्ता गठबन्धनले ती पार्टीलाई साथमा लिने गृहकार्य गरिरहेको छ।

संविधानको रक्षा मूल नारा भएको सत्ता गठबन्धनले सैद्धान्तिक रुपमा राप्रपा, एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीलाई भन्दा जनता समाजवादी पार्टीलाई प्राथमिकतामा राख्ने र उपेन्द्र यादवको पराजयपछि अशोक राई सो पार्टीको नेता हुने स्थितिलाई गठबन्धनले आफू अनुकुल हुने विश्वास राखेको छ।

प्रधानमन्त्री देउवाले उपसभापति खडकालाई यस राजनीतिक रणनीतिकोलागि अर्का नेता रामचन्द्र पौडेल संग पनि समन्वय गर्न भनेको र पौडेललाई पनि यस प्रक्रियाको कोर टिममा उपयोग गर्ने रणनीति लिएको अपनाइएको छ। वर्तमान सत्ता गठबन्धनको सैद्धान्तिक सुत्रधार पौडेलनै भएकाले उनलाई महत्वका साथ प्राथमिकतामा राख्न पुष्पकमल दहालले देउवालाई सजग गराएको सुत्रले जनाएको छ।

## राउत र प्रचण्ड बीच भेटघाट

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष सीके राउत र पाँच दलीय गठबन्धनका नेता तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबीच शुक्रवार भेटघाट भएको छ।

राउतलाई सरकारमा ल्याउने गृहकार्य अन्तर्गतनै उनलाई प्रचण्डले भेटेको बताइएको छ। बिहीवार प्रधानमन्त्री शेरवहादुर देउवा संग भेटघाट गरेका राउत शुक्रवार प्रचण्डलाई भेट्नुले राउत पाँच दलीय गठबन्धनले बनाउन लागेको सरकारमा सहभागी हुने मनस्थिति बनाइ सकेको बताइएको छ।

संघ र मधेश प्रदेशमा राउत निर्णायक भएकाले पाँच दलीय गठबन्धनका शीर्ष नेताहरुले राउतलाई सरकारमा सहभागी गराउने सम्वादलाई तीव्रता दिएका छन् । राउत बिहीवार काठमाण्डु पुग्ने वितिक्कै प्रधानमन्त्री संग भेटघाट गरेको कांग्रेस नेता विमलेन्द्र निधिले जानकारी दिएका थिए।


# आवश्यकता




कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल का लागि देहाय बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक तथा योग्य व्यक्तिहरुले सात दिन भित्रमा आवेदन दिनहुन अनुरोध गरिन्छ ।

| सि.नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| (i) | BMLT | १ जना | Lab को लागि |
| (ii) | Lab Technician | २ जना | |
| (iii) | PBN/BSN/PCL Nursing | ४ जना | ICU को लागि |
| (iv) | PBN/BSN/PCL Nursing | ४ जना | NICU को लागि |
| (v) | HA | ४ जना | ER को लागि |

अनुभव:- सम्बन्धित क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको ।
सेवा सुविधा:- आपसी सम्झौता अनुसार

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल
जनकपुरधाम-९ ब्रम्हपुरी
सम्पर्क नं. ९८०१६६६५२१, ९८०१६६६५१९,०४१-५९१०९२
Email ID:- kmtrcjnk@gmail.com, A.deven1436@outlook.com







# एचआइभी सङ्क्रमित आमाबाट स्वस्थ बच्चा

चितवन। नियमित औषधि सेवन गरिरहेका एचआइभी सङ्क्रमित गर्भवतीले सुरक्षित प्रसूति सेवा लिँदा बच्चा स्वस्थ जन्मिने गरेको छ। भरतपुर अस्पतालमा विगत १० महिनामा छ एचआइभी सङ्क्रमित आमाले स्वस्थ बच्चा जन्माएका हुन्।



उनीहरुले जन्माएका बच्चामा एचआइभी सङ्क्रमण नदेखिएको हो। नियमित औषधि सेवन गरिरहेका महिलाले सुरक्षित प्रसूति सेवा लिने र दूध खुवाउँदा विशेष ध्यान दिनसकेमा सङ्क्रमण नसर्ने चिकित्सकको भनाइ छ। भरतपुर अस्पतालका प्रसूति विभाग प्रमुख डा सुनिलमणि पोखरेल सामान्यभन्दा शल्यक्रियामार्फत जन्माइएका बच्चामा रोग सर्ने सम्भावना निकै कम हुने बताउनुहुन्छ। चिकित्सकको परामर्शअनुसार नियमित औषधि खाइरहेका आमाहरु समयमै अस्पताल आएमा उनीहरुलाई सुरक्षित तवरबाट शल्यक्रिया गरेर बच्चा जन्माउँदा ती बच्चा सुरक्षित हुने गरेको उहाँ बताउनुहुन्छ।

औषधि खाइरहेका आमाबाट बच्चामा रोग सर्ने सम्भावना अन्यको तुलनामा ९० प्रतिशत कम हुने उहाँको भनाइ छ। लामो व्यथा लागेर जन्मिएका बच्चामा रोग सर्ने सम्भावना बढी हुने उहाँ बताउनुहुन्छ। जिल्लाका अन्य अस्पतालमा एचआइभी सङ्क्रमित आमालाई प्रसूति सेवा नरहेको भन्दै उहाँले भरतपुर अस्पतालले यो सेवा दिँदै आएको बताउनुभयो।

एड्स हेल्थ केयर फाउण्डेसन (एएचएफ) नेपालद्वारा भरतपुर अस्पतालमा सञ्चालित एन्टी रेक्ट्रो भाइरल थेरापी (एआटी) सेन्टरका कार्यक्रम संयोजक कृष्णहरि सापकोटा सेन्टरमा गएको १० महिनामा १३ हजार ८८ गर्भवतीको एचआइभी परीक्षण गरिएको बताउनुहुन्छ। तीमध्ये दुई जनामा सङ्क्रमण देखिएको थियो।

सेन्टरमा चितवनसहित ११ जिल्लाका एचआइभी सङ्क्रमित औषधि लिन आउने गरेका छन्। तनहुँ, गोरखा, लमजुङ, धादिङ, मकवानपुर, नवलपुर, नवलपरासी, बारा, पर्सा र धादिङका सङ्क्रमितले चितवनबाट औषधिसहितको उपचार लिँदै आएका छन्। विशिष्ट खालको शल्यक्रिया, सुत्केरी र एमआरआइलगायतका उपचार सेवा ती जिल्लामा नपाइने भएका कारण उनीहरुले औषधिसहितको उपचार सेवा यहीँबाट लिँदै आएको सापकोटाको भनाइ छ।

सापकोटाका अनुसार एक हजार एक सय चार महिला, पुरुष र बालबालिकाले औषधि सेवन गरिरहेका छन्। उनीहरुमध्ये ४५ बालबालिका रहेका हुन्। औषधि खानेमा ४५ दिनको शिशुदेखि ८५ वर्षका वृद्धसमेत रहेको उहाँले जानकारी दिनुभयो।

नियमित औषधि सेवन गर्नेको स्वास्थ्य राम्रो रहेको उहाँको भनाइ छ। औषधि खाइरहेका सङ्क्रमितमध्ये ९७ दशमलव ६० प्रतिशतको सङ्क्रमण नसर्ने अवस्थामा पुगेको छ। एक हजार कपीभन्दा कम भइरसको सङ्ख्या भएका बिरामीबाट एचआइभी एड्स नसर्ने उहाँले जानकारी दिनुभयो।

सन् २०२२ को जनवरीदेखि हालसम्म जिल्लामा २७ नयाँ एचआइभी सङ्क्रमित भेटिएको उहाँले जानकारी दिनुभयो। उनीहरुमध्ये समुदायमा परीक्षण गरिएका एक सय २४ मध्ये दुई जना र एआरटी सेन्टरमा परीक्षण गरिएका एक सय ११ जनामध्ये २५ जनामा सङ्क्रमण पुष्टि भएको हो। यस वर्ष एक सय १६ जना नयाँ सङ्क्रमितले एन्टी रेक्ट्रो भाइरल थेरापी (एआरटी) औषधि सुरु गरेका छन्। सङ्क्रमितले दैनिक एक ट्याबलेट औषधि लिनुपर्ने हुन्छ। सेन्टरले एक पटकमा अवस्था हेरी एक महिनादेखि तीन महिनासम्मका लागि औषधि दिने गरेको छ।

विगत १० महिनाको अवधिमा १४ सङ्क्रमितको मृत्यु भएको छ। तीमध्ये एक जनाको मात्रै एचआइभीका कारण मृत्यु भएको हो भने अन्यको अरु रोगका कारण मृत्यु भएको सापकोटाले जानकारी दिनुभयो। सन् २०२१ मा पनि १४ सङ्क्रमितको मृत्यु भएको थियो। तीमध्ये चार जनाको एचआइभीका कारण मृत्यु भएको हो।

जिल्लामा रहेका सङ्क्रमित महिलामध्ये ३९ को पाठेघरको क्यान्सर परीक्षण गरिएको छ। सङ्क्रमितमध्ये ८६ प्रतिशतलाई निःशुल्क स्वास्थ्य बिमामा सहभागी गराइएको हो। सङ्क्रमितमध्ये सबैभन्दा बढी कामको खोजीमा भारत जाने महिला र पुरुष रहेका छन्। यसैगरी यौन व्यवसायी र तिनका ग्राहक, तेस्रोलिङ्गी, यौनिक अल्पसङ्ख्यक, लागुऔषधि प्रयोगकर्तामा पनि सङ्क्रमण देखिने गरेको छ। अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्रा डा कृष्णप्रसाद पौडेल सङ्क्रमित आमाहरुको प्रसूति नेपालमै गरिरहेको बताउनुहुन्छ। जिल्लामा अन्य अस्पतालमा यो सेवा सम्भव नभएको भन्दै उहाँले विश्वसनीय सेवा दिन भरतपुर अस्पताल सफल भएको बताउनुभयो।रासस

# रोकिएन बालविवाह

भरतपुर। चितवनको इच्छाकामना गाँउपालिका-५ जौगैराकी पिपला चेपाङले कक्षा ८ मा पढ्दापढ्दै भागेर विवाह गर्नुभयो। पन्ध्र वर्षका उमेरमा विवाह गर्नुभएकी उहाँको एक सन्तान जन्मिसकेको छ। पिपला अहिले १९ वर्षको पुग्नुभयो। तीन वर्षको छोराको स्याहारसुसार र घरायसी काममा नै उहाँको अहिले दैनिकी बित्ने गरेको छ। आर्थिक अभावका कारण खान लाउन धौधौ भएपछि उहाँका श्रीमान् रोजगारीका लागि कुवेत जानुभएको छ।



"सानोमा बिहे गर्नु हुँदैन भन्ने थाहा त थियो तर गरियो, अहिले आएर पछुतो लाग्छ", चेपाङले भन्नुभयो। उहाँसँगै जौगैराकै सुनिता, गीता र लालमाया चेपाङको पनि १४/१५ वर्षका उमेरमा नै विवाह भएको छ। उनीहरु सबैको बालबच्चा भइसक्यो। बालविवाह कानुनतः बर्जित छ तर चेपाङ समुदायमा चेतना अभाव, गरिबीलगायतका कारण बालविवाह हुँदै आएको छ।

सत्र वर्षकी सुनिता चेपाङको पहिलो सन्तान जन्मिसकेको छ भने पुनःगर्भवती हुनुहुन्छ। उहाँले कक्षा ५ पढ्दै गर्दा बिहे गरेपछि विद्यालय जान बन्द भयो। चौध वर्षमा नै बिहे गर्नुभएकी उहाँलाई ख्यालख्यालमै बिहे गरेको जस्तो लाग्छ अचेल। "पल्लो गाउँमा लागेको मेला हेर्न जाँदा मन परेर भागियो उहाँ भन्नुहुन्छ", पहिलो भेटमा नै बिहे गरेको हुँ।" १७ वर्षकी गीता चेपाङको बिहे गरेको तीन वर्ष भयो। उहाँका दुई सन्तान छन्। उहाँको पनि १५ वर्षको उमेरमा बिहे भएको थियो। जौगैराकी लालमाया चेपाङका एक छोरा र छोरी छन्। उहाँले पनि १४ वर्षको उमेरमा बिहे भएको बताउनुहुन्छ।

जौगैराकै माया चेपाङले ४० वर्षको उमेरमा आठ सन्तानलाई जन्म दिनुभयो। जन्मेका मध्ये छ सन्तान मात्र उहाँको साथमा छन्। दुई सन्तानको जन्मेको चार/पाँच महिनामै मृत्यु भयो। १४ वर्षको उमेरमा बिहे गर्नुभएकी उहाँको ठूलो छोरा २० भइसक्यो भने सानो साढे चार वर्षकी छोरी। उहाँ अब सन्तान नजन्माउने सोचमा हुनुहुन्छ। तर श्रीमान्ले कर गरेका कारण धेरै सन्तान जन्माएको उहाँ बताउनुहुन्छ। "अहिले आएर सानो उमेरमा बिहे गर्ने र धेरै सन्तान जन्माउने ठीक होइन भन्ने लाग्छ", उहाँले भन्नुभयो, "दुःख पाइँदोरहेछ।" उहाँले गाउँमा आउने स्वास्थ्य स्वयंसेविकाले भनेपछि धेरै कुरा आफूहरुले थाहा पाएको बताउनुभयो। सानो उमेरमा बिहे र धेरै बच्चा जन्माएका कारण आफ्नो स्वास्थ्यसमेत कमजोर भएको उहाँको भनाइ छ।

पामडाँडा स्वास्थ्यचौकीका इञ्चार्ज चन्द्रबहादुर गुरुङ कम उमेरका चेपाङ किशोरी गर्भवती जाँचका लागि आउने गरेको बताउनुभयो। तीमध्ये अधिकांश चेपाङ र जनजाति समुदायका छन्। विवाह गर्न कम्तीमा २० वर्ष पुग्नुपर्छ। कतिपय चेपाङ किशोरी पहिलोपटक रजस्वला हुनासाथ गर्भवती बन्नुपर्ने बाध्यता छ। "गाउँभरि आफन्त, छरछिमेक सबैको सानैमा बिहे भएको देखेका हुन्छन् अनि ख्यालख्यालमै बिहे गरिहाल्छन्", उहाँ भन्नुहुन्छ, "कोही चाहिँ साच्चै बाध्यतामा परेर पनि गर्छन्।" बुबाले अर्को श्रीमती ल्याएको हुन्छ, आमा अर्कोसँग बिहे गरेर गएको हुन्छ। सौतेनी बुबाआमाले हेलाँ गर्छन् अनि केटा भए एउटी केटी खोजेर घरजम गरिहाल्छ, केटी भए एउटा केटा खोजेर गइहाल्छन्।" चेपाङ गाउँमा बुबाले अर्की श्रीमती ल्याउने, आमा पोइल जाने परम्परा जटिल समस्याका रूपमा रहेको छ। यसले कलिला बालबालिकाको भविष्य नराम्ररी बिगार्ने गरेको उहाँको भनाइ छ।

इच्छाकामना गाउँपालिका-५ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय पामडाँडाका प्राचार्य यानबहादुर गुरुङ विद्यालयस्तरमा जति नै प्रयास गर्दा पनि बालविवाह कम गर्न नसकिएको बताउनुभयो। उहाँले भन्नुभयो, "मैले शिक्षण पेसा गर्न थालेको २५ वर्ष भयो, अहिले पनि यो समुदायमा बालविवाह उस्तै छ।" उहाँले ५/६ कक्षामा पढ्दापढ्दै विद्यार्थीले बिहे गर्ने गरेको बताउनुभयो।

चेपाङ समुदायका बालबालिका भोजभतेरमा जाने, चिनजान हुने र त्यहीबाटै भाग्ने प्रचलन रहेको उहाँले बताउनुभयो। बालविवाहसम्बन्धी चेतना अभिभावकमा पनि नहुँदा समस्या भएको उहाँको भनाइ छ। उहाँले अझै पनि चेपाङ समुदायको बस्तीमै चेतनामूलक र शिक्षामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ।

इच्छाकामना गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख वासुदेव सापकोटा बालविवाहका कारण यो समुदायका बालबालिका गम्भीर प्रकृतिको समस्याको सिकार बन्ने गरेको बताउनुभयो। "सानो उमेरका महिलाको शारीरिक विकास तथा अन्य कुरामा परिपक्वाता आएको हुँदैन। कम उमेरमा विवाह गर्दा अपरिपक्वाताले समस्या निम्त्याउँछ", उहाँले भन्नुभयो।

आमा र बच्चा दुवैको ज्यान जोखिममा हुन्छ भने जन्मिएको बच्चा पनि लुलो लङ्गडो, अपाङ्गता भएका, सुस्तमनस्थितिको हुनसक्छ। गर्भ तुहिने सम्भावना बढी हुन्छ। शारीरिक र मानसिकरुपमा आमाको वृत्तिविकास भएको हुँदैन। उहाँले गाउँपालिकाले स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविकामार्फत गाउँगाउँमा अभियान सञ्चालन गरिरहेको बताउनुभयो।

इच्छाकामना -६ का वडाध्यक्ष लक्ष्मण प्रजा सही उमेरमा सही शिक्षा लिन नसक्दा चेपाङ समुदायमा बालविवाह कम हुन नसकेको बताउनुभयो। "चेपाङ समुदायमा सानै उमेरमा विवाह गर्नुको एउटा मुख्य कारण गरिबी पनि हो", उहाँले भन्नुभयो, "घरको परिस्थितिका कारण पेटभरी खान पाइन्छ भनेर पनि विवाह गरेका पाइएको छ।" "भौगोलिक विकटताका कारण पढ्ने उमेर घरमै बित्छ, जसका कारण उनीहरु बिहे गर्न हतार गर्छन्", वडाध्यक्ष प्रजाले भन्नुभयो, "चेपाङ समुदायमा बालविवाहसम्बन्धी चेतानामूलक कार्यक्रम न सरकारीस्तरबाट भएको छ न गैरसरकारी संस्थाबाट बालविवाहसम्बन्धी यथार्थ तथ्याङ्कसमेत नरहेको उहाँले बताउनुभयो।उहाँले जनप्रतिनिधिका रुपमा स्थानीयस्तरमा सचेतना फैलाए पनि पर्याप्त नभएको बताउनुभयो।"रासस

# बैंक-वित्तीय संस्थाले शंकास्पद कारोबारको विवरण

## हरेक तीन महिनामा राष्ट्र बैंकलाई बुझाउनुपर्ने

काठमाण्डु। बैंक तथा वित्तीय संस्थाको कारोबारबाट हुनसक्ने सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्थामा नेपाल राष्ट्र बैंकले कडाइ गरेको छ।

'नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत



निर्देशन २०७८' मा संशोधन गर्दै राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापबाट आर्जित सम्पत्तिको कारोबारबारे थप चनाखो हुन शुक्रबार वाणिज्य, विकास बैंक तथा वित्त कम्पनीलाई निर्देशन दिएको हो।

बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको पहिचान भएको तीन महिनाभित्रमा राष्ट्र बैंकको सुपरिवेक्षण विभाग तथा वित्तीय जानकारी एकाइमा त्यसको विवरण पेश गरिसक्नुपर्नेछ। यसअघि बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम मूल्याङ्कन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको पहिलो त्रैमासभित्र राष्ट्र बैंकको सुपरीवेक्षण विभागमा बुझाइसक्नुपर्ने व्यवस्था रहेको थियो।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कारोबारको जोखिम मूल्याङ्कन गर्दा ग्राहक पहिचान विवरण (केवाइसी) मा ध्यान दिन पनि राष्ट्र बैंकले निर्देशन दिएको छ। "ग्राहक पहिचानसम्बन्धी प्रावधान पालना हुन नसक्ने व्यक्तिको हकमा खाता नखोल्ने, व्यावसायिक सम्बन्ध स्थापना नगर्ने वा खाता खोलेको भए व्यावसायिक सम्बन्ध अन्त्य गर्नुपर्नेछ', राष्ट्र बैंकको निर्देशनमा भनिएको छ, "जोखिम मूल्याङ्कन गर्दा बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहक, सेवा, भौगोलिक क्षेत्र तथा सेवा प्रवाह गर्ने माध्यमलगायत सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको पहिचान एवं विश्लेषण गरी सोको मूल्याङ्कन गर्नुपर्नेछ।'

कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतङ्कवादी क्रियाकलापमा संलग्न रहेको शङ्का लागि अनुसन्धान अघि बढाउँदा त्यस्तो अनुसन्धानबारे ग्राहकले थाहा पाएमा बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान प्रक्रिया अगाडि नबढाइ शंकास्पद कारोबार र गतिविधिबारे तत्काल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने पनि निर्देशनमा उल्लेख छ। बैंक तथा वित्तीय संस्थाले विद्युतीय माध्यमबाट मात्र सम्पत्ति शुद्धीकरणसम्बन्धी शंकास्पद कारोबार तथा गतिविधि बारेको प्रतिवेदन राष्ट्र बैंकलाई पेश गर्नुपर्नेछ।

एकीकृत निर्देशन संशोधन गर्दै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण सम्बन्धमा आचारसंहिता बनाएर लागु गर्न पनि निर्देशन दिएको छ।रासस

युवती हत्या प्रकरण

# सशस्त्रका जवानको नाममा किटानी जाहेरी

बैतडी। बैतडीको पञ्चेश्वर गाउँपालिका-४ सौलोडा गाउँकी २१ वर्षीया माया लुहारको हत्यामा संलग्न रहेको भन्दै सशस्त्र प्रहरीका एक जवानको नाममा किटानी जाहेरी परेको छ। मृतक किशोरीका आफन्तले सशस्त्र प्रहरीमा कार्यरत शिवनाथ गाउँपालिका-४ का २७ वर्षीय भरत कोलीको नाममा किटानी जाहेरी दिएका हुन्।

किटानी जाहेरीको आधारमा कोलीको खोजी कार्य भइरहेको बैतडीका प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिनुभयो। मायाको बुधबार दिउँसो शिवनाथ गाउँपालिका-६ शिवनाथ मन्दिर नजिकै घाँटी रेटेर हत्या गरेको अवस्थामा शव फेला परेको थियो। यस्तै सोही ठाउँकी १५ वर्षीया किशोरी नेहा लुहार घाँटीमा धारिलो हतियार प्रयोग गरेर गम्भीर घाइते भएको अवस्थामा भेटिएकी थिइन्। नेहालाई रक्ताम्य अवस्थामा पञ्चेश्वर गाउँपालिका र शिवनाथ गाउँपालिकाको सीमास्थित बालाडाँडामा फेला पारिएको थियो।

घाइते नेहा लुहारको डडेल्धुरा अस्पतालमा उपचार भइरहेको छ। घाइतेसँग गरिएको सोधपुछका आधारमा भरत कोली घटनामा संलग्न रहेको खुलेको जनाइएको छ। माया र नेहा मङ्गलबार घरबाट लुगा सिउन भनी पञ्चेश्वरकै कुँलाउ भन्ने स्थानमा हिँडेका र बुधबारसम्म पनि घर नफर्केपछि घरपरिवार र प्रहरीले खोजतलास गरेको थियो। खोजतलास गर्दै जाँदा बुधबार मायाको शव फेला परेको थियो। नेहालाई घाइते अवस्थामा फेला पारिएको थियो। घटनाको सूक्ष्मरूपमा अनुसन्धानका लागि बैतडीका प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक शाही नेतृत्वको टोली दुई दिनसम्म घटनास्थलमै बसेको थियो।

फरार रहेका भरतको र मायाको पहिलादेखि नै फोन सम्पर्क भइराख्ने खुल्न आएको छ। प्रेमसम्बन्धमा रहेका माया र भरतको बिहे गर्ने समेत तयारी थियो। बिदामा घर आएका भरतले केही दिन अगाडि मायाको मोबाइल फोन नियन्त्रणमा लिएका थिए। मङ्गलबार मोबाइल लिन बोलाएकै बेला मायाको हत्या भएको हो। माया हालै सम्पन्न निर्वाचनमा म्यादी प्रहरीसमेत रहेकी थिइन्। प्रहरीले घटनास्थलबाट मायाको मोबाइल, चक्कुलगायत सामग्री बरामद गरेको छ।

बरामद गरिएका सामग्रीबाट थप कुरा खुल्दै जाने प्रहरी नायब उपरीक्षक शाहीले बताउनुभयो। उहाँले भन्नुभयो, "बरामद गरिएका सामग्रीबाट हामीलाई अनुसन्धानमा सहयोग मिल्नेछ, घटनाको सूक्ष्मरूपमा अनुसन्धान भइरहेको छ, अहिले नै सबैकुरा भन्न मिल्दैन।'जिल्ला अस्पतालमा मृतको शव परीक्षणपश्चात आफन्तलाई बुझाइएको छ। परीक्षण रिपोर्ट सार्वजनिक गरिएको छैन।रासस

# मानवअधिकार उल्लङ्घनका उजुरी

बागमती। बागमती प्रदेशअन्तर्गत विभिन्न जिल्लाको गत आर्थिक वर्षमा मानवअधिकार उल्लङ्घनको ३३ उजुरी परेको राष्ट्रिय मानवअधिकार आयोगको बागमती प्रदेश कार्यालयले जनाएको छ।

प्रदेशको १३ जिल्लामध्ये नौ जिल्लामा गरी कूल ३३ मानवअधिकार उल्लङ्घनको विभिन्न किसिमका उजुरी सो कार्यालयमा परेको जनाइएको छ। कार्यालयका प्रमुख यज्ञ अधिकारीले प्रदेशको सबैभन्दा बढी काठमाडौँ र ललितपुर जिल्लामा मानवअधिकार उल्लङ्घनको उजुरी परेको बताउनुभयो। दुवै जिल्लामा क्रमश आठ र सात मानवअधिकार उल्लङ्घनको उजुरी परेको छ। प्राप्त विवरणअनुसार चितवनमा चार, नुवाकोटमा चार, सिन्धुपाल्चोकमा तीन, काभ्रेमा दुई, धादिङमा दुई, दोलखामा दुई र रामेछापमा एक वटा उजुरी परेको बताइएको छ। प्रदेशको मकवानपुर, भक्तपुर, रसुवा र सिन्धुलीमा गत आर्थिक वर्षमा कुनै किसिमको मानवअधिकार उल्लङ्घनको उजुरी नपरेको सो कार्यालयले जनाएको छ।रासस

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०७९/०८/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।
**नाम : राकेश कुमार साह**
**सिम्बोल नं.: २१७०२२१२**
**रजिष्ट्रेशन नं.:६८१७१४२०४**
**ठेगाना: हरिपुर्वा न.पा.-६, सर्लाही**
**मो.नं.९८०७६३४४०५**

**घर भाडामा**

जनकपुरधामको बस पार्कसँगै रहेको होटेल सीताशरणको पछाडीको पूर्व मोहडा भएको डेढ कठ्ठामा बनेको अत्याधुनिक व्यवसायिक तथा आवासिय चार तले घर भाडामा लिन चाहनु हुनेले सम्पर्क गर्नु होला।
**सम्पर्क**
**मो.नं.९८२३७६७३४०**

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# स्थानीय ११५ तहमा मात्र लैङ्गिक हिंसा निवारण कोष स्थापना

काठमाण्डु । देशभरका ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्नुपर्नेमा हालसम्म ११५ वटा पालिकामा मात्र व्यवस्था गरिएको छ ।

महिला हिंसाविरुद्ध १६ दिने अभियानको उपलक्ष्यमा काठमाडौँ महानगरपालिका, महिला, कानून र विकास मञ्च, संयुक्त राष्ट्र सङ्घीय महिला (यूएन वुमन) ले शुक्रवार संयुक्तरूपमा आयोजना गरेको अभियानका विषयमा नीतिगत संवाद विषयक कार्यक्रममा यस्तो जानकारी दिइएको हो ।

कार्यक्रममा मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुहुँदै लैङ्गिक हिंसा निवारण कोषको पैसा हिंसामा परेकाका लागि जति खर्च गरे पनि पाइने व्यवस्था भएकामा धेरै स्थानीय तहले यसमा खर्च गर्न कञ्जुस्याइँ गरेजस्तो देखिएको बताउनुभयो ।

कोषका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि रु एक लाख बजेट दिएको छ । प्रदेश नं १ सरकारले पनि मातहतका पालिकालाई रु पाँच/पाँच लाख दिएको छ। सम्बन्धित पालिकाले यो कोषमा रु १० लाखसम्म बजेट राखेका छन् । यो कोषको पैसा जति खर्च गरेको हो त्यति नै सम्बन्धित निकायबाट थप दिने व्यवस्था छ । तर पनि कोषको पैसा धेरै स्थानीय तहमा खर्च भएको छैन । महानगरपालिकामा यो कोषको पैसा खर्च नभएको जानकारी दिइएको थियो ।

कार्यक्रममा महानगरपालिकाका सामाजिक विकास विभागका प्रमुख दीपक अधिकारीले यही मङ्सिर ९ गतेदेखि महानगर क्षेत्रमा १६ दिने अभियानको कार्यक्रम जारी रहेको बताउनुभयो । उहाँका अनुसार विभागले बालिका हिंसाविरुद्ध पनि जागरणमूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। यस विषयमा महानगरपालिकाको सहयोगमा किशोरी समूहले सडक नाटक प्रदर्शन गरिरहेको जानकारी पनि उहाँले दिनुभयो ।

मञ्चका पूर्वअध्यक्ष मीरा ढुङ्गानाले नागरिकता विधेयकलगायत कानून अध्ययन गर्दा राज्यले नै महिला हिंसा हुने खालका कानून निर्माण गरेको देखिने भनाइ राख्नुभयो । बाल विवाह, बहु विवाहकार्य जस्ता अन्त्यका लागि नागरिक अभियान चलाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो । रासस

# माओवादी केन्द्रसँग एकता गर्ने निर्णय भएको छैन : एकीकृत समाजवादी

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) ले तत्काल नेकपा (माओवादी केन्द्र) सँग एकताको निर्णय नभएको जनाएको छ। पार्टी महासचिव डा बेदुराम भुसालले एक विज्ञप्ति जारी माओवादी केन्द्रसँग एकताका लागि कुनै पनि छलफल नभएको अवस्थामा विभिन्न सञ्चारमाध्यममा आएका निराधार समाचारप्रति कुनै सत्यता नरहेको प्रस्ट पार्नुभएको छ।

दुवै पार्टी एकताबारे भइरहेको प्रचारबारे भ्रम फैल्याउन खोजिएकाले त्यस्ता समाचारप्रति विरोध गर्दै विज्ञप्तिमा भनिएको छ,ँ दुई पार्टीबीच तत्काल एकता गर्ने भनि आएका समाचार पूर्णतः निराधार छन्, यसमा कुनै सत्यता छैन ।'

यसअघि पार्टीले हालै सम्पन्न निर्वाचनको समीक्षा गर्दै प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको विस्तृत समीक्षाका लागि केन्द्रमा प्रतिवेदन उपलब्ध गराउन प्रदेश र जिल्ला कमिटीलाई निर्देशन दिएको थियो ।रासस

# कसरी भए मधेशमा नेकपा एमाले पहिलो पार्टी ?

**बाला खुद्दार**

जनकपुरधाम । २०७२ सालमा संविधान जारि भयो । उक्त संविधानलाइ्र अधुरो र संसोधनको माग गर्दै मधेश केन्द्रित दलहरुले ६ महिने लामो मधेश आन्दोलन पनि गरे । त्यतिवेला मधेश केन्द्रित दलहरुलाई एमाले अध्यक्ष केपि शर्मा ओलीलाई मधेश निषेध नै गरेका थिए । त्यतिवेला मधेशमा काँग्रेसभन्दा एमाले प्रति ठुलो आक्रोस थियो । त्यसको प्रभाव २०७४ सालको निर्वाचनमा पनि देखियो । तर त्यसको ५ वर्ष पछि २०७९ सालको निर्वाचनमा प्रतिनिधी र प्रदेश सभामा सबभन्दा बढी सिट एमालेले सिटपछि त्यसको चर्चा चिया पसलदेखि राती सुत्ने ओछ्यान सम्म हुने गरेको छ ।

२०७४ सालमा मधेश प्रदेशमा दुई सिटमा सिमित एमाले २०७९को निर्वाचनमा कसरी प्रतिनिधीमा ९ र प्रदेश सभामा १५ सिट जितेर सबभन्दा ठुलो पार्टी बन्यो ? राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ । प्रत्यक्षमा मात्र नभई समानुपातिमा पनि एमालेले मधेश प्रदेशबाट राम्रो सिट ल्याएका छन् ।

२०७४ सालको चुनाव सम्म मधेशमा मधेश आन्दोलनको रापताप थियो । त्यसको फाईदा उठाउदै मधेश केन्द्रित दलहरुले तत्कालिन संघिय समाजवादी पार्टीले १०, तत्कालिन राजपा ८ वटा निर्वाचन क्षेत्रमा प्रत्यक्ष चुनाव जिते र समानुपातिकमा पनि राम्रो सिट हात पारे । तर २०७९ सालको निर्वाचन सम्म मधेश आन्दोलनको रापताप थियो न मधेशको एजेण्डा नै । थियो त केवल मधेश केन्द्रित दल प्रतिको असंतुष्टी र अक्रोस । त्यसैको परिणाम हो अहिलेको अवस्था ।

२०६२/०६३को मधेश आन्दोलनका जनकपुरका युवा नेता इन्द्रकुमार मधेशानन्द भन्छन्,' मधेशी जनता मधेशी दलका नेतालाई बिर्सेको होईन, मधेशीको दिलमा अझैमा मधेशवादी दल नै हो । तर यो निर्वाचनमा मधेशको नाममा सत्ताको राजनीतिक मात्रै गर्ने नेताहरुलाई थ्रेट दिएको हो। तिमिहरु सुध्रि हाले नत्र यो अवस्थापनि दयनिय अवस्था आउन सक्छन् ।'

मधेशी जनताले यिनिहरुलाई मधेशको मुद्दालाई अगाडी बढाउन पटक पटक मत दिए,उनी अगाडी भन्छन्, तर उनीहरु मधेशी जनताको भोट कहिले काँग्रेसका सभापति शेरवहादुर देउवा त कहिले एमाले अध्यक्ष केपि शर्मा ओलीलाई चढाए, त्यसकारण यो निर्वाचनमा मधेशी जनताले आफ्नो मत यि मधेशीवादी दल मार्फत नभई सिधा उनीहरुलाई दिएका छन् । अव काँग्रेस र एमालेले कसरी मधेशको मुद्दालाई सम्बोधन गर्नछन्, त्यसमा भविष्यको राजनीतिक केन्द्रित हुनेछ ।'

मधेश केन्द्रित दलहरु वितृष्ण फैल्नुको पछाडि सत्तामा पुग्ने मधेशी दलका नेताहरु आफ्ना कार्यकर्ताभन्दा बढी आफ्ना आफन्त, नातेदारलाई मात्रै आर्थिक लाभ दिनु हो । पार्टीका लागि दिनरात खटने कार्यकर्तालाई कुनै आर्थिक लाभ नदिएर मोटो रकम कनाउन कमिशनमा योजना दिने, आफ्ना आफन्तलाई आर्थिक लाभ दिने जस्ता प्रवृतिले पनि कार्यकर्तामा एक प्रकारको देखिएकोले चुनावको मुखमा मधेश केन्द्रित दलका नेता तथा कार्यकर्ता अन्य पार्टी भन्दा एमालेमा बढी प्रवेश गरेका छन् । यसले पनि एमालेको पक्षमा चुनावी महौल बनाउन सहज भएको देखिन्छ ।

'मधेश केन्द्रित दलहरु कहिले काँग्रेससँग त कहिले एमालेसँग सत्तामा बनि रहे तर मधेश एजेण्डामा उठाउन सकेन, सत्ताको स्वार्थमा बिर्सेको जनताले मधेश केन्द्रितसँग चिढिएको मधेशानन्दको भनाई छ ।




मधेश प्रदेशमा मधेश केन्द्रित दलकै नेतृत्वको ससकार हुदाँ पनि संघिय सरकारकै जस्तो प्रवृति देखाए, मुख्यमन्त्रीदेखि मन्त्री सम्ममा भष्टाचारको आरोप लाग्यो, मधेश केन्द्रित दलका मन्त्रीहरु कमिशनको चक्करमा योजनाहरु बेचे । मन्त्रीहरु आफ्नै दलको नेतृत्वको सरकारलाई पनि सहयोग गर्नुको साट्टो आन्तरिक रुपमा बिगार्ने काम गरिरहे। यि सबै देखेर पनि आम मधेशी जनता प्रदेश सरकारसँग पनि संतुष्ट हुन सकेन । जसको परिणाम आज मधेश प्रदेशमा पनि मधेश केन्द्रित दलहरुको नेतृत्वमा सरकार बन्ने अवस्था रहेनन्',राजनीतिक विशलेषक रोशन जनकपुरीले भने,' मधेश केन्द्रित दलका शिर्ष नेताहरु आफ्नै कार्यकताको घेराबन्दीमा परे, मधेशी जनताको बीचमा आउन सकेनन् ।'

यता, नेकपा एमालेका जिल्ला अध्यक्ष तथा पुर्व केन्द्रिय सदस्य राजकिशोर यादवले पार्टी अध्यक्ष केपि शर्मा ओलीले पछिल्लो पटक प्रधानमन्त्री हुदाँ तीन वर्षमा मधेश प्रदेशमा गरेको विकासलाई देखेर जनताले मतदान गरेको दावि गर्छन् ।

'विपक्षीले एमालेलाई मधेश विरोधी पार्टीको रुपमा प्रचार गरे । तर अध्यक्ष ओलीले त्यति नै मधेश प्रदेशको लागि विकासका विभिन्न प्याकेजहरु ल्याउनुभयो, उनी भन्छन,' विकासको सामु उनीहरुको झुठो प्रचार टिकन सकेनन्, ओलिको भनाई र व्यवहार सँधै एकनासको रहियो, त्यसकारण जनताले विशावस गरेर एमालेलाई साथ र समर्थन दिएका छन् ।'

२०७४ साललको चुनावमा एमालेलाई मधेश विरोधी पार्टीको रुपमा प्रचार गरिएको थियो । एमालेलाई मधेश विरोधी महौल बनाउनमा मधेश केन्द्रित दलहरुको भुमिका ठुलो हुन्थियो, अर्को राजनीतिक विशलेषक चन्द्रकिशोर भन्छन्,' तर यो निर्वाचनमा जसपा नै एमालेसँग थियो । सुरुमा लोसपा पनि एमालेसँग थियो। अन्तिम समयमा लोसपा सत्तारुढ गठबन्धनमा गयो । त्यसकारण एमाले विरुद्धको नारेन्टि बन्न सकेनन्, जसको फाईदाँ एमालेलाई भयो ।'

'अर्को कुरा एमालेका अध्यक्ष केपि शर्मा ओली झण्डै तीन वर्ष सरकारमा बस्दा विभिन्न स्थानीय तहका मेयरहरुलाई अख्तियारको डर देखाएर आफु तर्फ तान्ने प्रयास गरे, चुनावको मुखमा भारी संख्यामा अन्य पार्टीबाट नेता तथा कार्यकर्ताहरु पार्टीमा प्रवेश गराए, ओलीले आफ्नो भोट बढाउन क्वालिटिभन्दा क्वानटिटि तर्फ ध्यान दिए, त्यसको फाईदा पनि एमालेलाई चुनावमा भएको छ,' विशलेषक चन्द्र किशोरले बताउछन् । अख्तियारका मुद्दा लागेका, अपराधिक मुद्दा लागेकाहरुलाई पनि प्रवेश गराएर संख्यामा बढाउने काम ओलिले गरेको उनी बताउछन् ।

प्रभु साहको एमाले हराउ अभियानले नेकपा एमालेका शिर्ष नेतृत्वलाई मधेशमा केन्द्रित गएकोले पनि एमालेलाई चुनावी फाईदा भएको देखिन्छ । हुनत प्रभु साह भएको पार्टीबाट उम्मेदवारी दिएको भए एमालेलाई चुनावमा अझै फाईदाँ पुग्ने थियो । तर एमालेको टिकट लिएर पनि अन्तिम समयमा प्रभु साहले स्वतन्त्र उम्मेदवारी दिएपछि एमालेलाई ठुलो झटका लागेको थियो । साहले आफ्ना प्रभाव क्षेत्रमा रौतहट निर्वाचन निर्वाचन क्षेत्र नम्बर २ मा किरण साहलाई स्वतन्त्र उम्मेदवार बनाए र किरण पनि सो क्षेत्रबाट निर्वाचित भए । प्रभु साहले एमालेले जसपासँग अवपत्रि गठबन्धन गरेको भन्दै प्रदेश भरि एमालेका उम्मेदवार हराउ अभियान नै चलाए । तर उनी सफल भएन । एमालेका सचिव रघुविर महासेठको टकरावसँगले प्रभु साह पार्टी छोडनुको साथै एमालेलाई मधेश प्रदेशमा समाप्त गर्नुपर्ने रणनिति अन्तर्गत प्रदेश भरि स्वतन्त्र उम्मेदवार जिताउ अभियान नै चलाए ।

महासेठ पत्नी तथा धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा एमाले जसपाका साझा उम्मेदवार जुली महतोलाई हराउन उनी जनकपुरधाम नै आएर स्वतन्त्र उम्मेदवार तथा नेपाल पत्रकार महासंघ धनुषा शाखाका पुर्व अध्यक्ष उमेश साहलाई समर्थन गरे । र उनको सहयोगमा आफ्ना कार्यकर्ताहरु परिचालन गरे । तर पनि उनी महतोलाई सो अभियानले खासै फरक परेनन् । प्रभुले एमाले मधेशमा हराउ अभियान थालेपछि एमालेको शिर्ष नेतृत्वको ध्यान बढी केन्द्रित मधेश तर्फ नै भयो ।जसले गर्दा अन्य प्रदेशको भन्दा मधेश प्रदेशमा एमाले राम्रो परिमाण ल्याएको विशलेषकहरुको भनाई छ ।

यसैबीच, आफ्नो माग अनुसारको टिकट नपाएपछि जसपा अध्यक्ष उपेन्द्र यादवले सत्तारुढ गठबन्धन छोडर नेकपा एमालेका अध्यक्ष केपि शर्मा ओलीसँग हात मिलाए । तर अध्यक्ष यादवलाई एमालेसँगको चुनावी तालमेल फापेन । जसपा अध्यक्ष यादव नै सप्तरी २ बाट भारी मतान्तरले पराजित हुन पुगे । त्यहाँ एमालेले सहयोग नगरेको आरोप जसपाका नेता तथा कार्यकताहरुले आरोप लगाउदै आएका छन् ।

मधेशमा एमाले र जसपाको चुनावी तालमेलले एमालेलाई फाइदा भएपनि जसपाले त्यसको फाईदाँ उठाउन सकेनन । एमाले र जसपाले चुनावी गठबन्धन बनाएपनि यि दुवै दल बीचको सम्बन्ध बलियो हुन सकेको छैन, जनकपुरी भन्छन्,'एमाले अध्यक्ष ओलीले जसपा अध्यक्ष यादवसँग चुनावी तालमेल गरेपनि एमालेका नेता तथा कार्यकर्तले त्यसलाई स्वीकार गर्न सकेनन, जसको कारण जसपाको सहयोगले एमालेको कयौ गुणा फाईदाँ भयो । तर जसपालाई एमालेसँगको चुनावी तालमेल फापेन ।'

एमाले जसपा गठबन्धन बीच अन्तरघात भएको बताउदै जनकपुरी अगाडी भन्छन्,' जनमत पार्टीको मधेशमा नयाँ शक्तिको रुपमा उदय हुनु भनेको विभिन्न कारणहरु मध्ये काँग्रेस र एमालेको सहयोग पनि एक हो । गठबन्धनको हिसावले जहाँ काँग्रेसको मत लोसपामा र एमालेको मत जसपामा पानुपर्नेमा जनमतमा गयो, जनमतबाट हारेका उम्मेदवारहरुले पनि राम्रो मत ल्याए हारेका छन्, जवकी जनमतको राम्रो संगठन पनि होईन, तर पनि जनमतका उम्मेदवारहरु कहाँबाट त्यतिको मत ल्याए ?

मधेशमा अन्य पार्टी भन्दा नेकपा एमालेले संगठन विकास र संगठनलाई मलजल गर्ने काम समय समयमा गर्दै आएका छन् । तत्कालिन नेकपा एमाले विभाजन हुदाँ माओवादीले प्रदेश कमिटि र जिल्ला कमिटि गठन समेत गर्न सकेका छैन , त्यसैगरि, जसपा विभाजन भएर लोसपाले पनि सबै ठाउँमा संगठन बनाउन सकेका छैन । काँग्रेसको जिल्ला अधिवेशनले पार्टी भित्र आफ्नै अन्तरकहल ठुलो समस्या रहदै आएकोले छ । त्यस्तोमा त्यसको फाईदाँ एमालेले राम्री उपोग गर्नको राजनीतिकि विशलेषकहरुको भनाई छ । चुनावको मुखमा र चुनाव अघि पनि एमालेले मधेश प्रदेशमा संगठन निर्माण र सुढरिढकरणमा धेरै ध्यान दियो । जुन अन्य पार्टीले दिन सकेन । मधेशमा काँग्रेसको संगठन भएपनि आफैमा उल्झेको छ । मधेश केन्द्रितहरु टुटफुटको कारण सबै ठाउँमा संगठन बनाउन सकेको छैन । यि कारणले पनि एमालेलाई फाईदा भएको राजनीतिक विशलेषक चन्द्रकिशोर बताउछन् ।

त्यसैगरि, जसपाले टिकट वित्तरणमा यादव सामुदायलाई बढी जोड दियो र तर एमालेले यादव वाहेक बढी टिकट दिएर पचपौनियाँ सामुदायको मत आफ्नो तर्फ तान्ने रणनिति लिए, चन्द्रकिशोर अगाडी भन्छन्,' मधेशमा रहेका पहाडि सामुदायको भोट काँग्रेसभन्दा एमालेले बढी आफ्नो तर्फ तान्न सफल भए, यि कारणहरुले चुनावको मतपरिणमलाई फरक बनाएको हो ।'

# प्रहरी महानिरीक्षक सिंह र अमेरिकन राजदूतबीच भेटवार्ता



काठमाण्डु । प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह र नेपालका लागि अमेरिकन राजदूत डीन रिचार्ड थम्पसनबीच भेटवार्ता भएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालमा शुक्रवार भएको भेटमा महानिरीक्षक सिंहले अमेरिकन सरकारले नेपाल प्रहरीलाई गर्दै आएको सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभएको थियो । उहाँले आगामी दिनमा पनि यस्ता सहयोगले निरन्तरता पाउने र आपसी सम्बन्ध सुमधुर हुने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा अमेरिकी राजदूत थम्पसनले हालै नेपालमा सम्पन्न आम निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल प्रहरीले निर्वाह गरेको विशेष भूमिकाको प्रशंसा गर्नुभएको थियो । नेपाल प्रहरीमा दक्ष जनशक्ति उत्पादन गर्न तालिमको व्यवस्थाका साथै प्रविधिको विकास, साइबर अपराध नियन्त्रण एवं महिला तथा बालबालिकाका क्षेत्रमा अमेरिकी सरकारले सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

नेपाल प्रहरीले सार्वजनिक शान्ति कायम राख्न अपनाएको नीतिले अमेरिकी नागरिकले नेपालमा आफूलाई सुरक्षित ठानेको उल्लेख गर्दै राजदूत थम्पसनले यसका लागि नेपाल प्रहरीलाई धन्यवाद दिनुभयो। भेटका अवसरमा प्रहरी महानिरीक्षक सिंह र राजदूत थम्पसनबीच दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा समेत छलफल भएको थियो । रासस

# टिआइएमा यान्त्रिक परीक्षण उडान

काठमाण्डु । त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल (टिआइए) मा यान्त्रिक परीक्षण उडान 'क्यालिब्रेसन फ्लाइट' सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको 'लोकलाइजर'लगायत उपकरणको परीक्षणका लागि एरोथाईको जहाजले दुई दिन यान्त्रिक उडान गरेको विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरले जानकारी दिनुभयो । उहाँका अनुसार विमानस्थलको धावनमार्गको उत्तरतर्फ हालै लोकलाइज जडान गरिएको छ । लोकलाइजरले जहाजलाई सेन्टरलाइन देखाउँछ । 'सेन्टरलाइजरले सही काम गरेको छ कि छैन र यसको उपयोगिता' बारे यान्त्रिक उडानमार्फत सम्पूर्ण परीक्षण गरिएको छ । लोकलाइजर जडानपछि विमानस्थलमा जहाज अवतरण सहज हुने विमानस्थलले जनाएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का प्रवक्ता जगन्नाथ निरौलाका अनुसार लोकलाइजरसहित विमानस्थलमा जडान गरिएका सम्पूर्ण सञ्चार प्रणालीको दुई दिनसम्म यान्त्रिक उडानमार्फत परीक्षण गरिएको छ । बिहीबार र शुक्रबार यान्त्रिक उडानका क्रममा विमानस्थलको नियमित उडान सामान्य प्रभावित भएको थियो ।

यसअघि मङ्सिरको पहिलो साता एरो थाईको जहाजले अन्तर्राष्ट्रिय विमानस्थलमा दुई दिन यान्त्रिक उडान गरिएको थियो । नवनिर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको मङ्सिर ५ देखि ११ सम्म यान्त्रिक उडान गरिएको थियो । पोखरा, काठमाडौँसहित देशका अन्य विमानस्थलमा पनि यान्त्रिक उडान गरिनेछ ।रासस

प्रतिनिधिसभा निर्वाचन :

# ४० वर्षमुनिका १० र ७० माथिका १४ सांसद

काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपान्तरण र युवा पुस्ताको प्रतिनिधित्वको कुरा प्रखररुपमा उठे पनि चुनावी परिणाम भने त्यस्तो देखिएन।पछिल्लोमतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ निर्वाचन क्षेत्रमध्ये ४० वर्षमुनिका नौ जनामात्र निर्वाचित भएका छन् ।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । नेपालको जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कूल जनसङ्ख्याको ४० दशमलव ३५ प्रतिशत रहेको छ ।

त्यस्तै ७० वर्षमाथिका भने १४ जना निर्वाचित भएको निर्वाचन आयोगको तथ्याङ्कमा उल्लेख छ । साथै सबैभन्दा बढी ४० देखि ७० वर्ष उमेर समूहमा एक सय ३८ जना निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको प्रत्यक्षका एक सय ६५ निर्वाचन क्षेत्रमध्ये शुक्रबारसम्म एक सय ६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ ।

प्राप्त मतपरिणामअनुसार ४० वर्षमुनिको उमेर समूहबाट नेपाली कांग्रेसका मुस्ताङबाट २९ वर्षका योगेश गौचन थकाली, नेकपा (एमाले) का बारा-२ बाट ४० वर्षीया ज्वालाकुमारी साह र मकवानपुर-२ बाट ४० वर्षीय महेशकुमार बर्तौला तथा नेकपा (माओवादी केन्द्र) का मोरङ-४ बाट ३७ वर्षीय अमनलाल मोदी हुनुहुन्छ ।

यस्तै ४० वर्ष उमेर समूह मुनिका राष्ट्रिय प्रजातन्त्र पार्टीका जुम्लाबाट ३० वर्षीय ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीका काठमाडौँ-२ बाट २७ वर्षीया सोविता गौतम, ललितपुर-३ बाट ३३ वर्षीया तोसिमा कार्की, चितवन-१ बाट ३९ वर्षीय हरि ढकाल हुनुहुन्छ । नागरिक उन्मुक्ति पार्टीका कैलाली-१ बाट ३९ वर्षीया रञ्जिता श्रेष्ठ र कैलाली-२ बाट ३७ वर्षीय अरुनकुमार चौधरी सो उमेर समूहमा रहनुभएको तथ्याङ्मा उल्लेख छ ।

**७० वर्ष माथिका सांसद**

यसैगरी ७० वर्ष माथिको उमेर समूहमा कांग्रेसका डडेल्धुराबाट प्रधानमन्त्री एवं सभापति ७७ वर्षीय शेरबहादुर देउवा, तनहुँ-१ बाट ७८ वर्षीय रामचन्द्र पौडेल, नुवाकोट-२ बाट ७५ वर्षीय अर्जुननरसिंह केसी, उदयपुर-१ बाट ७३ वर्षीय डा नारायण खड्का, मोरङ-६ बाट ७२ वर्षीय डा शेखर कोइराला हुनुहुन्छ । यस उमेर समूहमा एमालेका झापा-५ बाट ७० वर्षीय केपी शर्मा ओली र कपिलवस्तु-३ बाट ७७ वर्षीय मङ्गलप्रसाद गुप्ता रहनुभएको छ भने नेकपा (माओवादी केन्द्र)का सर्लाही-२ बाट महिन्द्र राय यादव हुनुहन्छ ।

जनता समाजवादी पार्टी नेपालका ७३ वर्षीय नवलकिशोर साह सुडी, राष्ट्रिय प्रजातन्त्र पार्टीका रुपन्देही-३ बाट ७१ वर्षीय दीपक बोहरा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-२ बाट ध्रुवबहादुर प्रधान ७० वर्षभन्दा माथिको उमेर समूहका हुनुहुन्छ । त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महोत्तरी-३ बाट ८० वर्षीय महन्थ ठाकुर र रुपन्देही-४ बाट ७२ वर्षीय सर्वेन्द्रनाथ शुक्ला तथा राष्ट्रिय जनमोर्चाका बागलुङ-१ बाट ८० वर्षीय चित्रबहादुर केसी यस उमेर समूहका हुनुहुन्छ । रासस

# अटोमोबाइल्समा लगाइएको आयात प्रतिबन्ध हटाउन माग

काठमाण्डु । अटोमोबाइल्स एशोसियन अफ नेपाल (नाडा) ले अटोमोबाइल्स क्षेत्रमा लगाइएको आयात प्रतिबन्ध फुकुवा गर्न माग गरेको छ ।

नाडाले शुक्रवार पत्रकार सम्मेलन गरी विगत आठ महिनादेखि अटोमोबाइल्समा प्रतिबन्ध लगाउँदा समस्या भएको भन्दै आयात प्रतिबद्ध फुकुवा गर्न माग गरेको हो । नाडाका उपाध्यक्ष सुनिल रिजालले अटोमोबाइल्स आयात प्रतिबन्ध लगाउँदा व्यावसायमा समस्या सिर्जना भएको बताउनुभयो ।

अटोमोबाइल्स व्यवसायीले ब्याजदरमा कटौती, कोरोनाकालमा सङ्कटमा परेका व्यवसायीलाई राहतको व्यवस्था, अटोमोबाइल्सको प्रतिबन्ध फुकुवा हुनुपर्नेलगायतका माग राखी राखेका छन् ।रासस

# बीएण्डबी अस्पतालद्वारा पत्रकारलाई उपचारमा छुट

पाटन । पत्रकार महासङ्घमा आबद्ध देशभरका पत्रकारलाई औषधि तथा उपचारमा छुटका लागि बीएण्डबी अस्पतालसँग सम्झौता भएको छ । आज शुक्रबार अस्पतालका प्रमुख प्रशासक प्रकाश भट्टराई र महासङ्घ ललितपुर शाखाका अध्यक्ष सागर न्यौपानेले उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

अस्पतालले नेपाल पत्रकार महासङ्घमा आबद्ध देशभरका पत्रकार, आश्रित परिवारलाई औषधि र उपचारमा १५ प्रतिशत छुट दिने भएको छ । हाल महासङ्घमा देशभरका १३ हजार पत्रकार आबद्ध रहेको ललितपुर शाखाका अध्यक्ष सागर न्यौपानेले जनाउनुभएको छ ।

"सन् १९८२ मा बेलायतबाट एमबिबिएस सकेर आएपछि रु १५/१६ सयमा नोकरीबाट सुरु गरेको डाक्टर हुँ, रुएक अर्ब ५० करोडको ऋण लिएर अस्पतालका संरचना बनाएका छौं । नियमअनुसार कर तिरेको छु ।' अस्पतालका संस्थापक जगदीशलाल वैद्यले भन्नुभयो, "भूकम्पको समयमा पाँच सयवटा शल्यक्रिया निःशुल्क २४ घण्टा कार्य गरेका छौं, सरकारद्वारा कुनै सहयोग नहुँदा पनि हामी देशमा केही गर्नुपर्छ भनी लागेका छौं ।

"यो सम्झौता आजदेखि २४ महिनासम्म लागू हुनेछ, पत्रकार तथा पत्रकारसँग आश्रित परिवारका छ जनासम्मलाई रु १५ लाखसम्मको उपचारमा १५ प्रतिशत छुट उपलब्ध हुनेछ', प्रमुख प्रशासक भट्टराईले भन्नुभयो, "नेपालमा हुने उपचारमा पत्रकार महासङ्घको सदस्यलाई हामी सम्झौताअनुसार सेवा सुविधा उपलब्ध गराउँछौं, नेपालमा ल्याब टेष्ट हुन नसक्ने उपचारमा भने हामीले लागतअनुसार नै सेवा दिनेछौं ।'

महासङ्घ शाखाका अध्यक्ष न्यौपानेले स्वास्थ्य सुविधा महङ्गो हुँदै गएको अवस्थामा यो सहुलियत महत्त्वपूर्ण हुने बताउनुभयो ।रासस

# गौरीगञ्जमा कृषि र गैरकृषि जग्गा वर्गीकरण गरिने

गौरादह । झापाको गौरीगञ्ज गाउँपालिकाले कृषि र गैरकृषि क्षेत्रको जग्गा वर्गीकरण थाल्ने भएको छ । गाउँपालिकाले सरकारको कार्यक्रमअनुसार यसै महिनाभित्र जग्गाको वर्गीकरण छुट्याउने भएको हो ।

गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुँवरले गाउँपालिकाले कृषि तथा गैरकृषिको जग्गा छुट्टाइ भूउपयोग क्षेत्र वर्गीकरण, भूउपयोग योजना तर्जुमा र कार्यान्वयनसम्बन्धी कार्य गर्नुपर्ने बताउनुभयो । उहाँका अनुसार खेतीयोग्य जग्गा वा गैरकृषि क्षेत्र निर्धारण गर्ने प्रयोजनाका लागि स्थानीय तहले भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ मा तोकिएको मापदण्डका आधारमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र वर्गीकरण गर्नुपर्ने हुन्छ ।

जमिनको वर्गीकरण गर्दा भूमिको भूवनौट, भूमिको क्षमता, भूमिको उपयुक्तता, भूमिको मौजुदा उपयोग र स्थानीय तहको आवश्यकता हेरी कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, व्यावसायिक, खानी तथा खनिज, वन, नदी, नाला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व क्षेत्र आधार मानेर स्थानीय राजपत्र प्रकाशन गर्न सकिने छ । गाउँपालिकाले विभाजन गर्दा भविष्यमा सहर उन्मुख क्षेत्र भएको, भन्सार नाकाको स्थापना र स्मार्ट सिटीको रूपमा सरकारले विकास गर्दै लाने लक्ष्य रहेकाले यो क्षेत्रको ग्रामीण, आवासीय, व्यावसायिक निर्धारण गर्दा दुरदर्शिता अपनाएर मापदण्ड वा कार्यविधि बनाउनुपर्ने स्थानीयले बताएका छन् ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## कविता

मिथिला वर्णन
हमरे मिथिला मे कोशी कमला
हमरे मिथिला मे बलान रे
स्वर्ग सँ सुन्दर अपन मिथिला
स्वर्ग सन जनकपुर धाम रे
यहीं मिथिला के पावन धर्ति
पर, रहै भैया किसन रे
यहीं मिथिला के पहिरन भैया
धोती कुर्ता गमछा सँ छै
हमर सबके पहचान रे
एक पर एक ऋषि मुनि
एक पर एक छै भगवान रे
यहीं मिथिला के पावन धर्ति
सब सँ छै महान रे
सुखक भंडार हमर मिथिला
सभ गोटे करै छै बखान रे
देश विदेश सँ अबै छै पर्यटक
कहै छै मिथिला भूमि महान रे
कते घुमलि देश विदेश
नै देख लि एहन ठाम रे
जनक दुलारी सिता मैया के
छै सगरो नाम रे



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर(कतार)

## भोकै रातमा

नसमझ हामीलाई गोब्रेकिरा।
खोज्न सुरुवात कोहिनुर हिरा।
न छेक, परिवर्तनको घाम लाग्न देउ।
न रोक,नयाँ धुन बज्न देउ ।
महगीको मारमा हामी।
करौडोको कारमा तिमी।
मेहनत,पसिना,रोपाइँ घाममा।
अर्बपति तिमी कमिसनको नाममा।
नुनमा पनि पसिनाको कर।
कहाँबाट तिम्रो महल जस्तो घर।
जत्र-तत्र भ्रष्टहरुको पहिरो।
अख्तियार अन्धो र बहिरो।
होसियार,
देश ढुकुटी मास्न दिन्नौं।
देश मासिनेलाई बाँच्न दिन्नौं।
अब त कर्तुत ठीक पार।
नभए उखलिन्छ जराको झार।
मात्र भ्रष्टहरु नियंत्रित होस,
धेरै सुविधा आउँछ गरिबको हातमा।
झोपडीको आमा र बच्चा सुत्दैन भोकै रातमा।
झोपडीको आमा र बच्चा सुत्दैन भोकै रातमा।



उपेन्द्र ठाकुर

## !! हार !!

अहाँ चुनाब सँ हारल छि, हम जिन्दगी सँ
अहाँ अपने सँ मारल छि,हम सरमिन्दगी सँ
फरक एतबे छै,अहाँ और हमरा मे महोदय
अहाँ कुर्सी सँ जुरल छि,हम प्रेम गन्दगी सँ
अहाँ सत्ता ला दुःख पैली हजुर आन घर सँ
हम त बैमानी पैली हजुर अपने सहोदर सँ
जते दर्द अहाँ के अखन बुझाईत हेत हजुर
ओते दर्द हम प्रेम मे रोज सहैछी भितर सँ
अहाँ एखनो पाँच साल के आस लगौने छि
हमर आस मैर गेल मात्रे साँस लटकौने छि
अहाँ लग सम्पती हबे अहाँ लुटाक जितब
हम अपन सिसकैत दिल के फुसलौने छि



रमेश मन्डल धानुक
मिथिला बिहारी नगरपालिका-१
भुतही पटेर्वा,धनुषा,नेपाल

## कविता

जैकर छी, जैना छी, चाहै जैकर छी अहाँ,
हमरा लेल त अहाँ बस हमरा जका छी अहाँ,
सोच नै छलो अहाँ स बाह मे लिपैट कन्बै,
अच्छा छोडु और बताओ कैना छी अहाँ!!



विजय विद्यार्थी

## माया

तिम्रो जानुको दुख्ख
नआउनु को पिडा
त्यस माथि संसारको चिन्ता
के गरु म
आँखाले तिमिलाइ चहार्दै छ
रात रात भरि जागेर
त्यहि पनि तिम्रो खबर आएन
पल पल याद आयौ तिमि
यस पालि तिमि नै आउनु
आएपछि जाने निधो नगर्नु
मेरो दलिन बाट जब हवा गुजरिन्छ
यहाँ त सावन र धुप बर्सिन्छ
मलाइ सोध तिमि बिना मायाको धडकनको
जिउनु कति अप्ठयारो छ
धेरै सम्झना आयौ
यसपालि तिमि नै आउनु
कुनै त बाटो होला तिम्रो लागि
जुन मेरो घर सम्म आउँछ होला
मौसमलाइ सोध माया के भन्न चाहन्छ
तिमि आउँछौ भेट्न मलाइ
यो खबर तिमि नै मलाइ दिनु
तिम्रो सम्झना माया धेरै आयौ र गयो
यसपालि तिमि नै आउनु



प्रमोद राम
जनकपुर ९



## युद्धलाई मिडियाबाट किन टाढै राख्छिन् पूजा ?

आफ्नो अनियन्त्रित अभिव्यक्तिका कारण अभिनेत्री पूजा शर्मा जति विवादित बन्छिन्, व्यक्तिगत जीवनका कारण उनको चर्चा पनि उतिक्कै हुने गरेको छ। आकाश श्रेष्ठसँग पानी बाराबार भएपछि युद्ध बानियाँसँगको प्रेम सम्बन्धका कारण चर्चामा रहेकी उनी अब विवाह गर्न ढिलो गर्ने पक्षमा छैनन् । तर, अहिले उनीहरुले एक व्यावसायमा हात हालेकाले विवाह केही समय धकेलिने देखिन्छ। युद्धसँग भर्खर प्रेम अंकुराउँदा पूजा प्रेम सम्बन्धको बारेमा बोल्न खासै रुचाउँदिन थिइन् । प्रेमीलाई लिएर सार्वजनिक कार्यक्रममा पनि उनी पुग्ने गरेकी थिइनन् ।


## ‘गुञ्जन’ गीतमा सारा र प्रितमको प्रेम

द्वन्द्व निर्देशनमा स्थापित अष्ट महर्जनको डेब्यू निर्देशित फिल्म ‘गुञ्जन’को पहिलो रोमान्टिक गीत सार्वजनिक भएको छ। शुक्रवार युट्युबमा सार्वजनिक ‘सास चल्छ’ बोलको गीतमा प्रविसा अधिकारी र आरिफ रफको स्वर, करणराज कार्कीको संगीत र सन्तोष पोखरेलको शब्द छ। गीतको भिडियोमा सारा सिर्पाली र प्रितमराज सेन्चुरी एकअर्कालाई सम्झिँदै प्रेमिल भावमा देखिएका छन् । आगामी पुष २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा सरोज खनाल, हिउँवाला गौतम, कवीर खड्का, रोहन शाही, निरुता स्याङतान, कन्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, ऋचा शर्मा, अमेश न्यौपानेलगायतको पनि अभिनय छ। प्रितमराजले यसै फिल्मबाट अभिनयमा डेब्यू गरेका हुन् । यो फिल्मको केही समयअघि सेन्सर पास भइसकेको छ।



## अस्प्रिनाको अध्ययनका कारण सलिनको बिहे धकेलियो

‘स्टाइलिस स्टार’ सलिनमान बनियाँ डेब्यू फिल्म ‘ए मेरो हजुर २’मा काम गर्नुभन्दा अगावैदेखि प्रोफेसनल मेकअप आर्टिस्ट अस्प्रिना जिन्हा श्रेष्ठको प्रेममा थिए । उनले कहिल्यै प्रेम सम्बन्ध लुकाउन जरुरी पनि ठानेनन् । सामाजिक सञ्जालमा उनले अस्प्रिनासँगका रोमान्टिक तस्विरहरु बाक्लै रुपमा साझेदार गरिरहेका हुन्छन् भने मिडियामा पनि प्रेम सम्बन्धको बारेमा खुलेरै बोल्ने गरेका छन् । सलिन र अस्प्रिनाले यस वर्ष बिहे गर्ने योजना बनाएका थिए। दुवै पक्षका परिवारको समेत विवाहको विषयमा छलफल भइसकेको थियो । तर, यो जोडीको विवाह १/२ वर्ष पछाडि धकेलिएको छ । बुधवार नवविवाहित जोडी सलोन बस्नेत र करिश्मा केसीको रिसेप्सन पार्टीमा उपस्थित हुने क्रममा सलिनमानले अस्प्रिनाको अध्ययनका कारण १/२ वर्षपछि मात्र विवाह हुने जानकारी दिए।



# संसद्मा एक दर्जन दलको प्रतिनिधित्व, कुन दलबाट को विजयी ?

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको नतिजा अन्तिम चरणमा छ । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ मध्ये एक सय ६२ स्थानको नतिजा आइसकेको छ । स्याङ्जा निर्वाचन क्षेत्र नं २, दोलखा निर्वाचन क्षेत्र नं १ र बाजुरा निर्वाचन क्षेत्र नं १ मा मतगणना जारी छ ।

निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्कअनुसार हालसम्म नेपाली कांग्रेस ५५ स्थानमा विजयी भई ठूलो दल बनेको छ । नेकपा (एमाले) ४४, नेकपा (माओवादी केन्द्र) १७, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी सात/सात र लोकतान्त्रिक समाजवादी पार्टी चार स्थानमा विजयी भएका छन् ।

यस निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थान तथा पाँच स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् ।

मतगणना चलिरहेको स्याङ्जा र बाजुरामा कांग्रेस तथा दोलखामा माओवादी केन्द्रका उम्मेदवारले अग्रता कायम गरेका छन् । आयोगको पछिल्लो तथ्याङ्कअनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ राजनीतिक दलका उम्मेदवार विजयी भएका छन्। प्रतिनिधिसभामा एक सय ६५ प्रत्यक्ष र एक सय १० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचत हुने व्यवस्था छ ।



प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसबाट विश्वप्रकाश शर्मा, दीपक खड्का, सीता गुरुङ, डिगबहादुर लिम्बु, सुनीलकुमार शर्मा, डा शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, रामहरि खतिवडा, डा नारायण खड्का, दिनेशकुमार यादव, तेजुलाल चौधरी, रामकृष्ण यादव, महेन्द्रकुमार यादव, देवप्रसाद तिमलसेना, अजयकुमार चौरसिया, रमेश रिजाल, पूर्णबहादुर तामाङ र श्याम घिमिरे निर्वाचित हुनुभएको छ। मोहन आचार्य, रामनाथ अधिकारी, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, सन्तोष चालिसे, गगनकुमार थापा, प्रदीप पौडेल, राजेन्द्रकुमार केसी, दुर्लभ थापा क्षेत्री, उदयशम्शेर राणा, मोहनबहादुर बस्नेत, राजेन्द्र बजगाईं, टेकबहादुर गुरुङ, रामचन्द्र पौडेल, शङ्कर भण्डारी, राजु थापा र शशाङ्क कोइराला विजयी हुनुभएको छ ।

यस्तै विष्णुकुमार कार्की, योगेश गौचन थकाली, खमबहादुर गर्बुजा, चन्द्रकान्त भण्डारी, सुरेन्द्रराज आचार्य, दीपक गिरी, किशोरसिंह राठोर, सञ्जयकुमार गौतम, विनोदकुमार चौधरी, ऐनबहादुर शाही ठकुरी, दिक्पालकुमार शाही, पूर्णबहादुर खड्का, हृदयराम थानी, पुष्पबहादुर साह, वीरबहादुर बलायर, डिल्लीराज पन्त, दीलेन्द्रप्रसाद बडू, शेरबहादुर देउवा, नारायणप्रकाश साउद र रमेश लेखक निर्वाचित हुनुभएको छ। नेकपा (एमाले)बाट योगेश भट्टराई, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत, सुवासचन्द्र नेम्वाङ, देवराज घिमिरे, लालप्रसाद साँवा लिम्बू, केपी शर्मा ओली, राजेन्द्रकुमार राई, ऋषिकेश पोखरेल, भीमप्रसाद आचार्य, भगवती चौधरी, मानवीर राई, अम्बरबहादुर रायमाझी, रामशङ्कर यादव, लिलानाथ श्रेष्ठ, जुलीकुमारी महतो (महासेठ), रघुवीर महासेठ, लक्ष्मी महतो कोइरी, हरिप्रसाद उप्रेती, अच्युतप्रसाद मैनाली, ज्वालाकुमारी साह र राजकुमार गुप्ता निर्वाचित हुनुभएको छ ।

यसैगरी कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकुलप्रसाद बाँस्कोटा, महेशकुमार बर्तौला, पृथ्वीसुब्बा गुरुङ, मनबहादुर गुरुङ, विद्या भट्टराई, दामोदर पौडेल वैरागी, पदम गिरी, गोकर्णराज विष्ट, नारायणप्रसाद आचार्य, ठाकुरप्रसाद गैरे, टोपबहादुर रायमाझी, छविलाल विश्वकर्मा, विष्णुप्रसाद पौडेल, वासुदेव घिमिरे, बलराम अधिकारी मङ्गलप्रसाद गुप्ता, सूर्यबहादुर थापा क्षेत्री, सूर्यप्रसाद ढकाल, दामोदर भण्डारी र तारा लामा तामाङ विजयी हुनुभएको छ। माओवादी केन्द्रका तर्फबाट सुदन किराँती, अमनलाल मोदी, रामकुमार राई, महिन्द्र राय यादव, लेखनाथ दाहाल, हितबहादुर तामाङ, सूर्यमान तामाङ (दोङ), माधव सापकोटा, पुष्पकमल दाहाल 'प्रचण्ड', देवेन्द्र पौडेल, पूर्णबहादुर घर्तीमगर, वर्षमान पुन, रेखा शर्मा, महेन्द्रबहादुर शाही, छिरिङ डम्डुल लामा (भोटे), शक्तिबहादुर बस्नेत र जनार्दन शर्मा हुनुहुन्छ ।

एकीकृत समाजवादीबाट माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, राजेन्द्रप्रसाद पाण्डे, मेटमणि चौधरी, प्रकाश ज्वाला, धनबहादुर बुढा, अम्मरबहादुर थापा, शेरबहादुर कुँवर, भानुभक्त जोशी र प्रेमबहादुर आले, जसपाबाट अशोककुमार राई, नवलकिशोर साह सुँडी, राजकिशोर यादव, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, रामसहायप्रसाद यादव र प्रदीप यादव निर्वाचित हुनुभएको छ ।

राप्रपाबाट राजेन्द्रप्रसाद लिङ्देन, दीपकबहादुर सिंह, विक्रम पाण्डे, दीपक बोहरा, धवलशम्मशेर राणा, ध्रुवबहादुर प्रधान र ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, तोसिमा कार्की, हरि ढकाल र रवि लामिछाने, लोसपाबाट शरत्सिंह भण्डारी, महन्थ ठाकुर, रामप्रकाश चौधरी र सर्वेन्द्रनाथ शुक्ला विजयी हुनुभएको छ ।

यसैगरी नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ, अरुनकुमार चौधरी र गङ्गाराम चौधरी, राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी, नेपाल मजदुर किसान पार्टीबाट प्रेम सुवाल, जनमत पार्टीबाट चन्द्रकान्त राउत तथा स्वतन्त्ररुपमा योगेन्द्र मण्डल, अमरेशकुमार सिंह, किरणकुमार साह, प्रभु साह र लालवीर चौधरी निर्वाचित हुनुभएको छ । रासस

# समानुपातिक निर्वाचनतर्फ एमालेको अग्रता, कांग्रेस दोस्रो स्थानमा

काठमाण्डु । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत प्रतिनिधिसभा सदस्यको समानुपातिक प्रणालीतर्फ हालसम्म एक करोड तीन लाख ८२ हजार ८५ मतगणना सम्पन्न भएको छ ।

निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार उक्त प्रणालीतर्फ गणना भएको ९४ दशमलव ६१ प्रतिशतमा नेकपा (एमाले) ले २७ लाख ७३ हजार नौ सय ९९ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले २६ लाख ४४ हजार दुई सय ४१ मतसहित दोस्रो स्थानमा रहेको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टी) ले ११ लाख ६१ हजार दुई सय ५६, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख १९ हजार नौ सय ९६, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८५ हजार नौ सय २१, जनता समाजवादी पार्टी नेपालले चार लाख २० हजार नौ सय ३१ र जनमत पार्टीले तीन लाख ९४ हजार तीन सय ४५ मत प्राप्त गरेका छन् । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ एक सय ६५ क्षेत्रमध्ये एक सय ६२ क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ । स्याङ्जा क्षेत्र नं २, दोलखा र बाजुराको परिणाम आउन बाँकी छ । रासस

# प्रधानमन्त्रीको टुङ्गो गठबन्धनभित्रबाटै हुन्छ : माओवादी नेत्री शर्मा

तिलोत्तमा।नेकपा(माओवादी केन्द्र)का नेत्री तथा दाङ क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रेखा शर्माले प्रधानमन्त्रीको टुङ्गो गठबन्धनभित्रबाटै हुनुपर्ने बताउनुभएको छ ।

उहाँले अहिले निर्वाचनको समानुपातिक मत परिमाण आउने क्रम अझै जारी रहेकाले दलका नेतालाई बाहिरभन्दा पनि पार्टी र गठबन्धनभित्र छलफल गरेर प्रधानमन्त्रीको विषय टुङ्ग्याउन आग्रह गर्नुभयो ।

बुटवलमा शुक्रवार आयोजित साक्षात्कार कार्यक्रममा शर्माले गठबन्धनको सरकार बनाउँदा ठूलो दलको हैसियतले नेपाली कांग्रेसले प्रधानमन्त्रीमा दाबी गर्नुलाई अस्वभाविक मान्न नहुने बताउनुभयो ।

उहाँले प्रधानमन्त्रीको विषय बाहिर चर्चा गर्नुभन्दा पार्टीभित्र र गठबन्धन दलभित्र छलफल गरेर टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "अहिले ठूलो दलको हैसियतमा कांग्रेसले दाबी गर्नुलाई अन्यथा मान्न मिल्दैन, तर बाहिरभन्दा पार्टी र गठबन्धनभित्रबाट आउनुपर्ने पर्छ ।" उहाँले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रधानमन्त्रीमा दाबी रहने जनाउनुभयो ।

पूर्वमन्त्रीसमेत रहनुभएका उहाँले राजनीतिक दलहरूले युवालाई पनि सम्मानजनकरूपमा अगाडि बढाउनुपर्ने सुझाव दिँदै युवाको जबर्जस्ती हस्तक्षेपभन्दा पनि नयाँ दृष्टिकोण र सोचका साथ अगाडि बढ्दा मुलुक सही मार्गमा जाने उहाँको भनाइ थियो । रासस

# जनतासँग गरेको वाचा पूरा गर्छु : शिक्षामन्त्री पौडेल

गलकोट । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले निर्वाचनमा जनतासँग गरेको वाचा आगामी पाँच वर्षमा पूरा गर्ने गरी आफू काममा लाग्ने बताउनुभएको छ ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका मन्त्री पौडेलले आफ्नो निर्वाचन क्षेत्र बागलुङको ढोरपाटन नगरपालिकाका मतदातालाई धन्यवाद दिँदै पाँच वर्षमा जनतासँग गरेको विकास र समृद्धिको वाचा पूरा गर्ने बताउनुभएको हो। उहाँले निर्वाचनमा आफूले सार्वजनिक गरेका विकास र समृद्धिका योजनालाई पाँच वर्षमा पूरा गर्न हदैसम्मको प्रयासमा लाग्ने बताउनुभयो।

"अधुरा काम पूरा गर्दै नयाँ विकासे आयोजना थप गर्ने छु, आगामी पाँच वर्षमा जनताको आधारभूत विकास शिक्षा, स्वास्थ्य, खानेपानी र सडकजस्ता योजना हदैसम्म सफल बनाइने छ", मन्त्री पौडेलले भन्नुभयो, "पाँच वर्षमा बागलुङको पश्चिम क्षेत्रमा धैरै विकासका ढोका खोलिनेछन् ।" उहाँले अबको केन्द्रीय र प्रदेश सरकारसमेत अहिलेको गठबन्धबाटै बन्ने जिकिर गर्नुभयो । चुनावपछि जनताको साझा प्रतिनिधि भएको उल्लेख गर्दै मन्त्री पौडेलले पूर्वाधार विकासमा समान वितरण प्रणली लागू गरिने जानकारी दिनुभयो ।

उहाँले ढोरपाटन-साल्झण्डी सडक निर्माणलाई तीव्रता दिने, केन्द्रीय प्रसारण लाइनलाई विस्तार गरिने, आफ्नो क्षेत्रका ठूला सडकमा पक्की पुल निर्माण गर्ने र ढोरपाटनको आलुलाई प्रवर्द्धन गर्ने बताउनुभयो ।रासस

# बजेटमा समावेश कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालय मातहतका निकायलाई निर्देशन दिनुभएको छ। मन्त्रालयद्वारा शुक्रवार अयोजित 'आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक समीक्षा' बैठकमा उहाँले सरकारको लक्ष्य र जनअपेक्षालाई सम्बोधन गर्ने गरी लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।



सचिव अर्यालले भन्नुभयो, "यो प्रथम त्रैमासिकको रिपोर्ट हेर्दा उद्देश्यअनुरुप काम भएको छैन, काम हुँदै गरेको भन्ने मात्रै आयो, काम सकिएको भन्ने आएन, अब नीति तथा कार्यक्रमले लिएको लक्ष्य समयमै हासिल गर्ने गरी प्रतिफल आउने गरी काम गरौं ।" उहाँले जे गर्छु भनेको हो त्यो समयमै सक्न र गर्छु भनेकोबाहेक अन्य काम गरेको भए मन्त्रालयलाई जानकारी गराउन पनि निर्देशन दिनुभयो ।

उहाँले सरकारी सेवामा छिटो र छरितोपना ल्याउनका लागि कार्यालयलाई प्रविधिमैत्री बनाउनुपर्नेमाजोड दिनुभयो। सहसचिव उत्तरकुमार खत्रीले अब नयाँ सरकार गठन भएसँगै तत्काल जनताको निम्ति सेवा सुविधाबारे योजना बनाउन निर्देशन दिनुभयो । राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सिद्धराज राईले पछिल्लो समयमा राससले आफ्नो सेवा विस्तारसँगै ग्राहक सङ्ख्यामा वृद्धि गर्दै लगेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "राससले अहिले रु ५२ लाख बक्यौता रकम उठाएको छ, सरकारका विषयवस्तुसँगै जनताका विषयवस्तुलाई गुणस्तरीय समाचारको रुपमा सम्प्रेषण गरेको छ, भिडियो सेवा सुरु गरेदेखि राससप्रति ग्राहकको चासो पनि बढेको छ, ग्राहकको सङ्ख्या अहिले तीन सयबाट पाँच सय पुगेको छ ।"

उहाँले आगामी दिनमा राससको सेवालाई २४ घण्टे सेवाको रुपमा अगाडि बढाउनुका साथै एक हजारसम्म ग्राहक सङ्ख्या पुऱ्याउने योजनासमेत सुनाउनुभयो। समीक्षा बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, गोरखापत्र संस्थानका अध्यक्ष विष्णु सुवेदी र विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंलगायतको उपस्थिति थियो । रासस

# सङ्घ र प्रदेशमा गठबन्धन सरकारकै निरन्तरता : नेता कोइराला



मध्यविन्दु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य डा शशाङ्क कोइरालाले सङ्घ र प्रदेशमा गठबन्धन सरकारकै निरन्तरता रहने बताउनुभएको छ । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट नवनिर्वाचित प्रतिनिधिभिा तथा प्रदेशसभा सदस्यलाई बधाई तथा शुभकामना कार्यक्रममा उहाँले संविधानको चाहना र मार्गदर्शनअनुसार गठबन्धनको सरकार आवश्यक बन्ने बताउनुभयो ।

'केन्द्र सरकार मात्र होइन गण्डकी प्रदेशमा गठबन्धनको सरकार बन्ने निश्चित छ', नेता कोइरालाले भन्नुभयो, 'स्थायी सरकारले मात्र मुलुकलाई निकास दिने भएकाले गठबन्धनको सरकार बन्ने निश्चित छ ।' उहाँले पाँच वर्षसम्म गठबन्धनको सरकार रहे मात्र देश समृद्धिमा जान सहज हुने बताउनुभयो । 'महिलालाई ३३ प्रतिशत भनिएको भए पनि राजनीतिमा भने लागू नभएकाले त्यसर्फ ध्यान दिनुपर्ने देखियो', उहाँले भन्नुभयो, 'महिलालाई कुनै कोटाबाट नभइ स्वतस्फूर्त रुपमा अगाडि बढाउन सक्दो प्रयास गर्नेछु ।'

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशमा गठबन्धनकै सरकार बन्ने दाबी गर्नुभयो। उहाँले गण्डकी प्रदेशमा गण्ठबन्धनको बहुमत रहने हुँदा यही गठबन्धन कायम रहने बताउनुभयो । नवनिर्वाचित प्रतिनिधिसभा सदस्य विष्णुकुमार कार्कीले जनताका सेवा तथा विकास कार्यमा पन्छिन नहुने बताउँदै भन्नुभयो, 'जनताले आफ्नो अमूल्य मत दिएर जनप्रतिनिधि भएपछि पार्टीको कुरा गरेर मात्र हुँदैन। निष्पक्ष भएर समग्र जनताको सेवा र विकास गर्नुपर्छ ।' रासस

# सुकुम्बासीलाई असुरक्षित हुने काम नगर्न आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय भूमि आयोगले देशभरका भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन र प्रमाणीकरणको काम भइरहेको जनाएको छ ।

आयोगका उपाध्यक्ष नहेन्द्र खड्काका अनुसार भूमिहीनको लगत सङ्कलन, प्रमाणीकरण, निस्सा वितरण, जग्गा नापजाँच र लालपुर्जा वितरणको काम निर्वाचन आचारसंहिताका कारण केही समय रोकिएको भए पनि अब पुनः अगाडि बढ्ने क्रममा छ।

लालपुर्जा वितरणसम्बन्धी काम सम्पन्न नभएसम्मका लागि काठमाडौं महानगरपालिकासहित सम्पूर्ण स्थानीय तह र सबै सरकारी तथा गैरसरकारी निकायलाई कुनै पनि स्थानबाट सुकुम्बासी हटाउने र उनीहरुलाई असुरक्षित हुने गरी कुनै कार्य नगर्न नगराउन आयोगले आग्रह गरेको छ।

यसअघि नै ३५ दिने सूचना प्रकाशित गरेका स्थानीय तहले सम्झौताअनुसार काम गर्न आयोगले आग्रह गरेको छ। आयोग र स्थानीय तहबीच सहमति पत्रमा हस्ताक्षर भई भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न लागिएको समेत जनाइएको छ। रासस

# उच्च राजनीतिक संस्कार स्थापित निर्वाचन सफल : प्रमुख आयुक्त

काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनले मुलुकमाउच्च राजनीतिक संस्कार स्थापित गर्न सफल भएको बताउनुभएको छ ।

निर्वाचनमा खटिएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सुरक्षा निकायमा जिल्ला प्रमुखलगायतलाई धन्यवाद दिन जिल्ला निर्वाचन कार्यालय, काठमाडौँले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त थपलियाले आयोगले निर्वाचनको निष्ठा कायम राख्न गरेका अधिकांश अपेक्षा पूरा भएको बताउनुभएको हो ।

"हामीले नेपालमा २०४८ सालदेखिको निर्वाचन देख्दै आएका छौं । पछिल्लो पटक सबैले निर्वाचन खर्चिलो र भड्किलो भयो भन्ने सुनियो", आयोगले राखेका अपेक्षाको विश्लेषण गर्दै उहाँले भन्नुभयो, "यस कारण हामीले निर्वाचनमा यसपटक कुनै पनि पद पैसा, पहुँच र पाखुराको भरमा नभई नीति, सिद्धान्त, विचार, निष्ठा र प्रतिबद्धताले जित्नुपर्छ भन्ने स्थापित गऱ्यौं ।"

उहाँले विभिन्न कारणले निर्वाचनलाई दूषित पार्ने मनसाय बोकेका व्यक्तिले मिथ्या सूचना, दुष्प्रचार र द्ववेशपूर्ण अभिव्यक्तिको माध्यमबाट निर्वाचनलाई अप्ठ्यारो पार्ने कार्यलाई नजिकबाट नियमन गर्न यस पटक सफल भइरहेको पनि बताउनुभयो ।

उहाँले अब भौतिकरुपमा वा सडकबाट मात्रै नभइ सामाजिक सञ्जालमार्फत् पनि निर्वाचन प्रभावित गर्न नपाइने मान्यता स्थापित भएको बताउनुभयो । निर्वाचनमा पराजितले विजेतालाई सहर्ष आत्मैदेखि बधाई दिनसक्ने वातावरण बनाउनुपर्छ भन्ने मान्यता पनि यस पटकदेखि स्थापित भएको उहाँको भनाइ छ ।

उहाँले निर्वाचन अधिकृतहरुले उत्कृष्ट ढङ्गले काम गरेको भन्दै धन्यवाद दिँदै काम गर्दा केही अप्ठ्यारा आएका भए सुधारका लागि सुझाव दिन आग्रह गर्नुभयो ।

उहाँले आयोग वर्तमान निर्वाचन कानुनसँग सन्तुष्ट नभएको बताउँदै भन्नुभयो, "हामी वर्तमान निर्वाचन कानूनसँग सन्तुष्ट छैनौं । हामी अब छिट्टै कानून संशोधनको प्रक्रिया अघि बढाइनेछ ।" उहाँले नयाँ संसद्को नयाँ अधिवेशनमा कानून संधोशनले प्रवेश पाउने बताउनुभयो । रासस

**जिल्ला सर्लाही साविक नेत्रगंज गा.वि.स. वार्ड नं.-१(क) परिवर्तित लालबन्दी नगरपालिका वडा नं. २ को किता नं. २०१, ५९१ र ७९८ गरी जम्मा ३ वटा किताको जम्मा क्षेत्रफल २-१४-३ (बगहा-कठ्ठा-धुर) जग्गामा निर्माण तथा संचालन हुने जय माता पिता ईट्टा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/०८/१७)**

मघेश प्रदेश, सर्लाही जिल्ला, लालबन्दी नगरपालिका, वार्ड नं.-२ मा जय माता पिता ईट्टा उद्योगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम:** | जय माता पिता ईट्टा उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । |
| **प्रस्तावकको नाम र ठेगाना:** | जय माता पिता ईट्टा उद्योग, लालबन्दी नगरपालिका-२, सर्लाही सम्पर्क नं.: ९८६४०२५०२८ |
| **प्रस्तावको व्यहोरा:** | ईट्टा उत्पादन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.:** | सर्लाही जिल्ला लालबन्दी नगरपालिका-२ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **जिल्लास्थित सम्बन्धित उद्योग कार्यालयको नाम र ठेगाना :** | **नाम:** घरेलु तथा साना उद्योग कार्यालय ।<br>**ठेगाना:** मलंगवा नगरपालिका, सर्लाही ।<br>**सम्पर्क नं.:** ०४६-५२०१८६<br>**ईमेल:** dcsisarlahi@gmail.com |
| **सम्बन्धित वडा कार्यालयको नाम र ठेगाना** | लालबन्दी नगरपालिका, २ नं. वडाको कार्यालय, सर्लाही |
| **प्रस्तावकको नाम र ठेगाना:** | **नाम:** जय माता पिता ईट्टा उद्योग<br>**ठेगाना:** लालबन्दी नगरपालिका-२, सर्लाही<br>**सम्पर्क नं.:** ९८६४०२५०२८<br>**सम्पर्क व्यक्ति:** नागदेव पासवान |
| **परामर्शदाताको नाम ठेगाना:** | **नाम:** सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडेर्स प्रा.लि.<br>**ठेगाना:** बिरगंज-१६, सर्लाही ।<br>**सम्पर्क व्यक्ति:** शम्भु प्रसाद चोरसिया<br>**सम्पर्क नं.:** ९८५१००६६४३<br>**इमेल:** shambhuprasadchaurasia@gmail.com |



महोत्तरीको एकडारा गाउँपालिकास्थित खेतमा थ्रेसरको सहायताले धान झार्दै किसान। तस्बिर : रासस

# मुद्रास्फीति १२ प्रतिशतको हाराहारीमा पुग्ने राष्ट्र बैंकको सर्वेक्षण

काठमाण्डु । मुद्रास्फीति तोकिएको सीमाभन्दा धेरै माथि पुग्ने एक अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षणमा सहभागीले मुद्रास्फीति तोकिएको सीमाभन्दा बढी पुग्ने देखाएको हो ।


चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिइएको भए पनि पहिलो त्रैमासमा आठ दशमलब पाँच प्रतिशतको हाराहारीमा पुगिसकेको छ । केन्द्रीय बैंकले आज सार्वजनिक गरेको विवरणअनुसार आगामी मुद्रास्फीति १२ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

केन्द्रीय बैंकले चालु आवको पहिलो त्रैमासको अपेक्षित मुद्रास्फीति सर्वेक्षणको नतिजा सार्वजनिक गर्दै तीन महिना र एक वर्षपछिको मध्य अपेक्षित मुद्रास्फीति क्रमशः १० र १२ प्रतिशत छ । केन्द्रीय बैंकले २०७९ असोज २३ देखि असोज २९ सम्म देशका ५७ सहरका ६० बजारक्षेत्रका व्यक्तिसँग अन्तवार्तामार्फत अध्ययन गरेको थियो ।

अध्ययनमा दुई हजार ४० जना सहभागी थिए । अघिल्लो सर्वेक्षणको तुलनामा यस सर्वेक्षणमा आठ सय ९९ थप व्यक्ति थपिएको राष्ट्र बैंकको भनाइ छ । सर्वेक्षणमा सहभागी ८६ दशमलव छ प्रतिशत उत्तरदाताले आगामी तीन महिनामा मूल्य वृद्धि हुने अपेक्षा गरेका छन् । त्यसैगरी, ९५ दशमलव सात प्रतिशत उत्तरदाताले आगामी एक वर्षमा मूल्यवृद्धि हुने अपेक्षा गरेका छन् । खाद्य र खाद्य वस्तुको सबै उपसमूह, गैरखाद्य वस्तु तथा सेवा र सबै उपसमूह, तथा घरजग्गा (आवास) समूहमा आगामी तीन महिनामा मूल्यवृद्धि हुने अध्ययनले देखाएको छ ।

खाद्य र खाद्य समूहअन्तर्गतका गेडागुडी, दाल, चिनी तथा मसाला र गैरखाद्य र सेवा समूहबाहेकका अन्य समूह तथा उपसमूहको मूल्यवृद्धि हुनेछ । राष्ट्र बैंकले कसिलो नीति अवलम्बन गरेपश्चात् अपेक्षित मुद्रास्फीतिमा कमी आउन थालेकोसमेत उक्त प्रतिवेदनमा उल्लेख छ । रासस

# आलु उत्पादन गरेर जीविकोपार्जन गर्दै किसान



चौतारा । सिन्धुपाल्चोकको उच्च पहाडी क्षेत्रका साथै तल्लो क्षेत्रका किसानका निम्ति पछिल्लो समय आलुखेती आम्दानीको गतिलो माध्यम बनेको छ । अन्य खेतीको तुलनामा आलुबाट बढी फाइदा हुने भएपछि किसान आलुखेतीमा आकर्षित भएका हुन् ।

जिल्लाको मध्यभागमा पर्ने ब्रम्हायणी नदी आसपासका सेराफाँट, अर्चलेफाँट, सिम्लेफाँट, कुविण्डेफाँट आलुखेतीले हरियाली भएका छन् । आलु लगाएर यस क्षेत्रका किसानले वार्षिक रु एक करोडभन्दा बढी आम्दानी गरिरहेको स्थानीय रवीन्द्र खड्का बताउनुहुन्छ । कुविण्डेका किसान गोविन्द सापकोटाका अनुसार हिउँद र वर्षात् दुवै याममा पानी लाग्ने नौबिसेफाँटमा धानखेती गर्दा मुस्किलले चार-पाँच बोरा उत्पादन हुने गर्दथ्यो । त्यही खेतमा आलु लगाउँदा रु ९० हजारसम्मको आम्दानी गर्दै आएको बताउनुहुन्छ ।

आलुखेतीबाट पर्याप्त आम्दानी भएपछि बतासे रानीटारका केदारनाथ काफ्लेले पनि पाँच वर्षदेखि आलुखेती लगाउँदै आइरहेको र यसपाला करिब रु १५ हजार खर्च गरेर आलुखेती गरेको बताउनुभयो । यसबाट कम्तीमा रु ६०-७० हजार आम्दानी हुने उहाँको आश छ । ब्रम्हायणी नदी आसपासका फाँटमा सिँचाइ सुविधा प्रशस्त भएकाले पनि किसानलाई आलुखेती लगाउन निकै सुविधा भएको फुल्पिङकोटका प्रेमबहादुर भण्डारीको भनाइ छ ।

उता इन्द्रावती नदी दायाँ-बायाँका खेत पनि आलुखेतीले हरियाली भएका छन् । आलुखेतीबाट मनग्य आम्दानी भएपछि किसान आलुखेती लगाउन हौसिएका छन् । विगतमा गहुँखेती लगाएर जीविकोपार्जन गर्दै आएका किसान आलुखेतीमा समर्पित भएपछि यस क्षेत्रका बासिन्दाको आम्दानीमा सुधार भएको इन्द्रावती गाउँपालिका-१२ भीमटारका वडाध्यक्ष सुरेन्द्र दनुवार बताउनुहुन्छ । आलुखेती लगाएरै इन्द्रावती नदी आसपासका बासिन्दाले वार्षिक करोडौँ रुपैयाँ गाउँ भित्र्याउन सफल भएको दनुवारले बताउनुभयो ।

आलु र तरकारी खेतीमा किसान लागेकाले यसलाई व्यवस्थित पार्न सिपाघाटमा तरकारी सङ्कलन केन्द्र स्थापना गरिएको सिपापोखरेका सीताराम श्रेष्ठले जानकारी दिनुभयो । जिल्लाको उच्च पहाडी भू-भागमा उत्पादन हुने आलु पूर्णरूपमा अर्ग्यानिक हुने भएकाले पछिल्लो समय यहाँ उत्पादन हुने आलुले राजधानीमा समेत राम्रो बजार लिएको मुडे आलु विकास केन्द्रले जनाएको छ । रासस

# ‘सहकारीमा अनुदानको मल छैन’



कञ्चनपुर । कञ्चनपुरमा अनुदानको रासायनिक मल आपूर्ति थोरै हुँदा किसानले चर्को मूल्य तिरेर भारतीय मलको प्रयोग गरी गहुँ छर्न थालेका छन् । जिल्लामा अहिले अनुदानको मलको चरम अभाव रहेको छ ।

बेदकोट नगरपालिकाको सामादैजीका किसान नत्थु रानाले अनुदानको मल नपाइँदा बजारबाट रु तीन हजारको डिएपी मल खरिद गरी गहुँ खेतमा प्रयोग गरेको बताउनुभयो ।

“सहकारीमा अनुदानको मल नै पाइएन”, उहाँले भन्नुभयो, “गहुँबाली लगाउन ढिलो हुन थालेपछि भारतीय मलकै प्रयोग गर्‍यौँ ।” किसानको मागभन्दा आधाभन्दा कम मात्रै अनुदानको मल कञ्चनपुरमा आपूर्ति भएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड महेन्द्रनगर कार्यालयका प्रमुख बलबहादुर शाहका अनुसार गहुँ खेतीका लागि एक हजार तीन सय पाँच मेट्रिकटन डिएपी मल आपूर्ति भएको छ । जसमध्ये एक हजार एक सय ७० मेट्रिकटन डिएपी मल सहकारीमार्फत किसानलाई उपलब्ध गराइएको छ । कम्पनीसँग हालसम्म एक सय ३५ मेट्रिकटन डिएपी मल मौज्दात रहेको छ ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका कृषि अधिकृत हरिदत्त जोशीका अनुसार जिल्लामा गहुँखेती २१ हजार दुई सय १० हेक्टरमा हुने गरेको छ । जसका लागि डिएपी मल नौ हजार मेट्रिकटन आवश्यक पर्दछ । “प्रतिवर्ष गहुँखेती हुने जग्गाको क्षेत्रफल घट्दै गएको छ”, उहाँले भन्नुभयो, “जनसङ्ख्या प्रतिवर्ष बढ्दोरुपमा रहेको छ, बढ्दो जनसङ्ख्याका लागि गहुँखेती हुँदै आएको जग्गाको उर्वराशक्ति बढाई उत्पादन बढाउन आवश्क छ ।”

गहुँको उत्पादन बढाउनका लागि किसानलाई सिँचाइसँगै रासायनिक मलको सहज आपूर्ति आवश्यक रहेको उहाँले बताउनुभयो । “अनुदानको मल थोरै मात्रै किसानसम्म पुग्ने गरेकाले प्रमाणित नगरिएको भारतीय रासायनिक मल किसानले प्रयोग गर्दै आएका छन्”, उहाँले भन्नुभयो, “जसको प्रयोगले माटोको गुणस्तरमा ह्रास ल्याउने कार्य गरेको छ, किसानलाई उन्नत बीउ, सिँचाइ, आधुनिक यन्त्रसँगै गुणस्तरयुक्त रासायनिक मल उपलब्ध गराउन आवश्यक छ ।”

कृषि सामग्री कम्पनीले आपूर्ति गरेको आठ सय ९२ मेट्रिकटन युरियामध्ये छ सय ८१ मेट्रिकटन युरिया किसानलाई उपलब्ध गराइएको छ । कम्पनीसँग २११ मेट्रिकटन युरिया मात्रै मौज्दात रहेको छ । केही दिनभित्रै युरिया आउने क्रममा रहेको कम्पनीका कार्यालय प्रमुख शाहले बताउनुभयो ।

खेतमा छरेको गहुँ चार पातको भएपछि किसानले सिँचाइ गरी युरिया मलको प्रयोग गर्ने गर्दछन् । कृषि ज्ञान केन्द्रका कृषि अधिकृत जोशीका अनुसार गहुँ खेतीका लागि १३ हजार मेट्रिकटन युरिया किसानलाई आवश्यकपर्ने गरेको छ । पोटास पाँच मेट्रिकटन गहुँ खेतीमा प्रयोग हुने गर्दछ । गहुँको उत्पादन प्रतिहेक्टर तीन मेट्रिकटन रहेको छ । जनसङ्ख्याअनुसार गहुँको उत्पादन प्रति हेक्टर पाँच मेट्रिकटन बढी उत्पादन गर्नुपर्ने अधिकृत जोशीको भनाइ छ ।

जिल्लामा अनुदानको रासायनिक मलको आपूर्ति कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशन लिमिटेडले गर्दै आएका छन् । साल्टट्रेडिङसँग हालसम्म रासायनिक मलको मौज्दात रहेको छैन । साल्टट्रेडिङ लिमिटेड महेन्द्रनगर कार्यालयका प्रमुख दीपक भट्टका अनुसार केही दिनभित्रै नौ सय मेट्रिकटन युरिया आपूर्ति हुने क्रममा रहेको छ ।

अनुदानको रासायनिक मल नपाइएपछि किसानले ५० किलोको भारतीय डिएपीलाई रु तीन हजारदेखि तीन हजार आठ सयमा खरिद गर्नुपरेको छ । अनुदानको डिएपी मल प्रतिबोरा रु दुई हजार तीन सय ८० मा कम्पनीले सहकारीलाई उपलव्ध गराउने गरेका छन् । सहकारीले किसानलाई रु दुई हजार सात सयमा बिक्री गर्दै आएका छन् । लोड अनलोड, ढुवानी र सहकारीको मुनाफा राखेर किसानलाई सहकारीले रासायनिक मल बिक्री गर्दै आएका छन् । भारतीय मल खेतमा प्रयोग गर्न उपयुक्त छ वा छैन भनेर गुणस्तर जाँच समेत नहुने जनाइएको छ । रासस

# विदेशबाट फर्किएर स्वदेशमै उद्यम, मनग्य आम्दानी

वेदकोट । कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ जानकी टोलका ३१ वर्षीय सागर क्षेत्रीले आठ वर्ष अगाडि स्नातक तह अध्ययन गर्दैगर्दा स्वदेशमै रोजगारी खोज्नुभयो । तर केही पाउनु भएन । आफ्नै काम गर्न उहाँसँग लगानी पनि थिएन । त्यसपछि निराश बन्दै क्षेत्री कामको खोजीमा वैदेशिक रोजगारीमा युनाइटेड अरब इमिरेटस् (युएई) हान्निनुभएको थियो ।



विदेशमा तीन वर्ष काम गरेर फर्किएका क्षेत्रीले अहिले भने स्वदेशमै बेत, बाँसबाट फर्निचर तथा अर्मिसोको कुचो बनाउने विन्ध्याबासिनी लघु उद्योग खोल्नुभएको छ । “विदेशमा पेट्रोलपम्पमा तीन वर्ष काम गरेँ, त्यहाँबाट फर्किएपछि स्वदेशमै उद्यम गर्ने सोच आयो”, उहाँले भन्नुभयो, “बुवा वन कार्यालयमा जागिरे हुनुहुन्थ्यो, उहाँकै सल्लाहअनुसार बेत, बाँसको काममा लागेँ ।”

भीमदत्त नगरपालिका-१८ जानकी टोलमा वार्षिक एक लाख ५५ हजार भाडामा क्षेत्रीले तीन कठ्ठा जमिन भाडामा लिएर उद्योग खोल्नुभएको छ । वैदेशिक रोजगारीको मोह छाडेर उहाँ अहिले स्वदेशमै उद्यममा जम्नुभएको छ । वैदेशिक रोजगारीका क्रममा कमाएको करिब रु २० लाख लगानीबाट सुरु गरेको उद्योग उहाँको कमाइको मुख्य स्रोत बनेको छ ।

“सुरुमा एउटा कोठाबाट सुरु गरेको काम अहिले विस्तार भएको छ, सुरुमा आफ्नो रु २० लाख लगानी गरेका थियौँ”, उहाँ भन्नुहुन्छ, “अहिले बैंकबाट रु २६ लाख जति ऋण लिएका छौँ ।”

क्षेत्रीले आफूले स्वदेशमै मात्रै रोजगारी पाउनुभएको छैन, अरु १० जना पनि उद्योगमा रोजगारी दिनुभएको छ । बेत, बाँसको फर्निचर तथा कुचो बनाउने उद्यममा सक्रिय क्षेत्री स्वदेशमै काम गरेर विदेशको जस्तै मनग्य आम्दानी हुँदा खुसी हुनुहुन्छ ।

“फर्निचर बनाउने मिस्त्री तथा कुचो बनाउने गरेर १० जनाले उद्योगमा रोजगार पाएका छन्, वार्षिक रु ३० लाखसम्मको कारोबार हुन्छ”, उहाँले भन्नुभयो, “स्वदेशमै काम गरेर परिवार पालिरहेको छुँ, विदेशमा परिश्रम बेच्नुभन्दा स्वदेशमै काम गर्नु राम्रो छ ।”

बेत, बाँसका फर्निचर तथा कुचोको माग धेरै आउने गरेको उहाँ बताउनुहुन्छ । सुदूरपश्चिमका नौवटै जिल्लामा आफ्नो उद्योगको उत्पादन ढुवानी हुने गरेको उहाँको भनाइ छ । “बजारमा माग बढी छ, हामी सुदूरपश्चिमका नौवटै जिल्लामा उत्पादित सामग्री पठाउँछौँ”, उहाँ भन्नुहुन्छ, “बेत कैलालीबाट ल्याउने गरेका छौँ भने अर्मिसो डडेल्धुरा, पाल्पा तथा झापाबाट ल्याउँछौँ ।”

कामको खोजीमा विदेशिनेलाई स्वदेशमै उद्यम गर्न क्षेत्रीको सुझाव छ । “विदेशमा अर्काको काम गर्नुभन्दा स्वदेशमै आफ्नै उद्यम गर्नु उपयुक्त छ”, उहाँले भन्नुभयो, “त्यहाँ गर्ने मेहेनत आफ्नै ठाउँमा गरेमा विदेशको जस्तै कमाइ यहीँ गर्न सक्छौँ ।”

सरकारले तालिम, बजार व्यवस्थापन तथा स्वदेशमै उद्यम गर्ने युवालाई सहुलियत ब्याजमा ऋण उपलब्ध गराए लगानी नहुँदा आफ्नै उद्यम गर्न नसकेर विदेशिनुपर्ने अवस्थाको अन्त्य हुने उहाँ बताउनुहुन्छ ।“लगानी नहुँदा बैंकबाट ऋण लिनुपर्छ, त्यसमा ब्याजदर चर्को हुनाले समस्या हुने गरेको छ”, क्षेत्रीले भन्नुभयो, “कम ब्याजमा ऋण पाइएमा युवा लगानी गरेर स्वदेशमै रोजगारीसँग जोडिन सक्थे ।” रासस

# किवी बिक्री नहुँदा किसान चिन्तामा

उदयपुर । उदयपुर रौतामाई गाउँपालिका बोलुङखा चिसापानीमा उत्पादन भएको किवीले बजारमा उचित मूल्य नपाउँदा किसान चिन्तामा परेका छन् । सात वर्षअघि व्यावसायिकरुपमा किवी खेती सुरु गरिएको र राम्रो उत्पादन हुँदा पनि बजार नपाउँदा किसान चिन्तामा परेका हुन् ।

अहिले रौताको बोलुङ्खा, चिसापानी र नामन्त क्षेत्रका किसानले एक सय केजीदेखि पाँच सय केजीसम्म किवी उत्पादन गर्न सुरु गरिरहेका छन् । जिल्लाभित्र किवी बिक्रीमा समस्या हुँदा बजार खोज्न धरान, इटहरी, इनरुवा दुहवी तथा विराटनगरसम्म पुग्नुपर्ने अवस्था आएको जिल्लाका किवी किसानको भनाइ छ ।

चिसापानीमा क्षेत्रमा झण्डै १० घरका किसानले व्यावसायिकरुपमा किवी खेती गर्दै आएको रौता बोलुङ्खाका कृषक हर्क राईले बताउनुभयो ।बोलुङ्खाकै अर्का किसान भूपराज राईले पनि आफूहरुले उत्पादन गरेको किवीले बजार नपाएको गुनासो गर्नुभयो । छ वर्षअघि जिल्ला कृषि विकास कार्यालयबाट किवीको बिरुवा लगेर सुरु भएको किवी खेतीले अहिले राम्रो फल दिन सुरु गरिसकेको उहाँको भनाइ छ । “उत्पादन त भयो तर बजार पाउन सकेको छैन” उहाँले भन्नुभयो, “यसको महत्व नबुझेर पनि बिक्री नभएको हुनसक्छ ।”

अहिले बोलुङ्खा क्षेत्रमा झण्डै आठ घर कृषकले पहिलोपटक किवी उत्पादन सुरु गरेको पनि राईको भनाइ छ ।रौताकै चिसापानीका पाँच घर परिवार पनि किवी खेतीमै आबद्ध छन् । स्थानीय कृषक डोरनाथ

> **“उत्पादन त भयो तर बजार पाउन सकेको छैन” उहाँले भन्नुभयो, “यसको महत्व नबुझेर पनि बिक्री नभएको हुनसक्छ ।”**

बुढाथोकीगाउँमा अरुले किवी खेती सुरु गरेको देखेर आफूले पनि सुरु गरेको तर अहिले बजार नपाएको गुनासो गर्नुहुन्छ । रासस

# ‘नेपाल होटल अवार्ड’ आयोजना हुने

काठमाण्डु । सेवा क्षेत्रको प्रोत्साहन एवं गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले ‘नेपाल होटल अवार्ड-२०२२’ आयोजना गरिने भएको छ ।

शुक्रवार आयोजित पत्रकार सम्मेलनमा रेण्डर बुकिङ डटकमले आगामी पुस ४ गते अवार्ड समारोह आयोजना गरिने जानकारी दिएको छ । कोभिड-१९ महामारीबाट बढी प्रभावित बनेको पर्यटन क्षेत्रको मनोबल उकास्न र यस क्षेत्रको प्रवर्द्धनका लागि अवार्ड समारोह आयोजना गर्न लागिएको आयोजक रेण्डर डटकमका प्रमुख कार्यकारी अधिकृत नवराज धितालले जानकारी दिनुभयो । उहाँले समारोहले नेपालको सेवा क्षेत्रको प्रोत्साहन, गुणस्तर अभिवृद्धि तथा सेवा प्रवर्द्धनका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालमै पहिलो पटक खुल्ला नोमिनेसन तथा गोप्य र आधुनिक मूल्याङ्कन प्रक्रियाबाट १५ भन्दा बढी विधा रहने गरी अवार्ड समारोह आयोजना गर्न लागिएको छ । चलचित्र कलाकार राजेश हमालको प्रमुख आतिथ्यतामा हुने उक्त समारोहमा देशभरबाट विभिन्न स्तरका एक सयभन्दा बढी होटलले प्रतिस्पर्धा गर्नेछन् । प्रिमियम, डिलक्स र सुपर डिलक्स होटलले नोमिनेसनमा सहभागी हुन सक्नेछन् ।

कुनै पनि नेपाली संस्थाले नेपाली होटल तथा रिसोर्टहरूलाई खुला नोमिनेसन र उच्च मूल्याङ्कन प्रविधिद्वारा गर्न लागेको यो नै पहिलो पटक भएको आयोजकको दावी छ । उक्त अवार्डको निष्पक्षतालाई ध्यानमा राखी निर्णायक मण्डल तथा मूल्याङ्कन समितिको नाम पनि गोप्य राखिएको छ ।

पत्रकार सम्मेलनमा अतिथिका रूपमा सहभागी कलाकार हमालले सेवा क्षेत्र नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार रहेको भन्दै चलायमान बन्दै गरेको मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि अवार्डले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले होटलको सेवा गुणस्तर अभिवृद्धि र सेवा प्रवर्द्धनका लागि पनि सान्दर्भिक हुने उल्लेख गर्नुभयो । ‘हस्पिटालिटी’ बिजनेस विस्तारै जुर्मुराउँदैछ, यस किसिमको अवार्डले व्यवसायी र सेवाग्राहीलाई पनि सहयोग पुग्छ, कुन होटलको कस्तो सेवा छ भनेर छनोटका लागि पनि सहज हुन्छ ।’ रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
## मोहीयानी हक सम्वन्धी ३५ दिने सुचना

यसमा जिल्ला रौतहट गा.वि.स. डुमरिया म. वडा नं.९ हाल चन्द्रपुर नपा १० बस्ने बाबुलाल महतोको पत्नी दुलारी देवीले आफनो नामदर्ताको तपसिलको जग्गाको भगुवा मोही लगत कटा गरी पाउ भनि निवेदन दिएकोले तपसिलको जग्गाको भगुवा मोही लगत हुनु नपर्ने वा अन्य कसैलाइ सोको मोहियानी हक वा हकदार भए यो सुचना जारी भएको ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्योहोरा यसै सुचनाबाट सुचित गरिन्छ ।

तपसिल

| ज.ध.कोनाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| दुलारी देवी | रौतहट | डुमरिया म. | ९ | ३३९।५१ | ०-०-८-१२ | रत्नमान |
| ,, ,, | ,, | ,, | ,, | ३३९।५३ | ०-०-११ | विष्णु कुमार |

## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
## मोहीयानी हक सम्वन्धी ३५ दिने सुचना

यसमा जिल्ला रौतहट गा.वि.स. विश्रामपुर वडा नं.६ हाल जिल्ला ललितपुर गोदावरी १ बस्ने सतोश बहादुर शाहीको पत्नी गंगा राउत शाहीले आफनो नामदर्ताको तपसिलको जग्गाको भगुवा मोही लगत कटा गरी पाउ भनि निवेदन दिएकोले तपसिलको जग्गाको भगुवा मोही लगत हुनु नपर्ने वा अन्य कसैलाइ सोको मोहियानी हक वा हकदार भए यो सुचना जारी भएको ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्योहोरा यसै सुचनाबाट सुचित गरिन्छ ।

तपसिल

| ज.ध.कोनाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| गंगा राउत शाही | रौतहट | डुमरिया म. | ७ | १४२।५२२ | ०-४-० | कृष्ण प्रसाद शर्मा |
| ,, ,, ,, | ,, | ,, | ,, | १४३।५२४ | ०-४-० | चेतनाथ शर्मा |

# एमाले सचिव महासेठले बोलि फेरे

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमालेका सचिव तथा धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का नवनिर्वाचित प्रतिनिधिसभा सांसद रघुवीर महासेठले बोलि फेरेका छन् । नागरिकताको सम्बन्धमा उनले दिएको अभिव्यक्ति फेरका छन्।

जनकपुरधामको तिरहुतिया गाछीमा एमालेको चुनावीसभालाई सम्बोधन गर्दै 'एक हातमा सिन्दुर, एक हातमा नागरिकता सम्भव रहेको जनसमुदाय' जस्ता अभिव्यक्ति दिएका थिए । तर,सोमबार उनले जनकपुरधाममा उनले पत्रकार सम्मेलन गरी जन्मसिद्ध नागरिकतले नागरिकता पाउनु पर्ने बताएका छन्।




तीन महिनाभित्र जन्मसिद्धको आधारमा नागरिकता वितरण सुरु नभए आन्दोलन गर्ने उनले जिकिर गरेका छन् ।

'निवार्चनका बेला मेरो बारेमा विभिन्न भ्रमहरु फैलाइयो । तर जनताले भ्रम फैलाउनलाई पत्याएनन,'उनले भने,'तीन महिनाभित्र जन्मसिद्धको आधारमा नागरिकता दिन सुरु भएन भने नेकपा एमाले देशभरि आन्दोलन गर्छ ।' एमाले अध्यक्ष केपी ओलीले पनि नागरिकता विधेयक ल्याउँदा भ्रम्र फैलाउनेहरुले असयोग गरेको उनको भनाइ छ।

धनुषा ४ मा प्रशसन र निर्वाचन अधिकृतको मिलेमतोमा बुथ कब्जा गर्ने प्रयास गरेको उनको आरोप छ। प्रत्येक बुथमा एउटै समुदायको नातागोताको मान्छे राखिएको र षड्यन्त्रको पूर्व तयारी गरिएको उनको बुझाई छ। तर जनताको अगाडि उनीहरु नसकेको उनले बताए।

'बाजुरामा पनि प्रशासन र निर्वाचन अधिकृतको सेटिङमा धाँधली भएको छ,'उनले भने,'०७४ मा अरु मतपेटिकामा खसेको सदर मतलाई गणना गर्ने तर अहिले गर्न नमिल्ने ?,'उनले भने, 'नेकपा एमालेले यस्तो घोषणा सच्याउन माग गर्दा गर्दै विवाद देखिएको ठाउँमा पुनः मत गणनाको माग गरेको छ।'

समानुपातिकको निर्णय भइसकेपछि गठबन्धनका दलहरुबीच छलफल संघ र प्रदेश सरकार बारे छलफल अगाडि बढाउने उनले बताए।

मधेश प्रदेशसमा नेकपा एमाले ठूलो दल बनेको छ। तर प्रदेससभामा दलको नेताको विषयमा औपचारिक छलफल सुरु भएको छैन् । एमालेले मधेश प्रदेशमा प्रतिनिधिसभामा ९ र प्रदेशसभामा १५ वटा सिट जितेको छ।

बाम एकताको सम्भावना नरहेको उनले स्पष्ट गरे । नेकपा एकीकृत समाजवादीका अध्यक्ष मधव नेपाल र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहालप्रति संकेत गर्दै स्वघोषित कम्युनिष्टहरुले शेर बहादुर देउवालाई नेता मानेपछि त्यो अवस्था नरहेको उनले बताए। तर गल्ती सच्याएर आए सोच्न सकिने उनको तर्क छ।

# घैटोमा घाम लाग्यो कि लागेन नेताजी ?

ब्लग :



श्यामसुन्दर शशि

मंसिर ४ गते सम्पन्न आम निर्वाचनको प्रत्यक्षतर्फको मतपरिणाम सार्वजनिक भइसकेको छ। समानुपातिकतर्फको मतगणना पनि अन्तिम चरणमा छ। प्रत्यक्ष र समानुपातिकतर्फका गरी दलहरुले पाउने सिट संख्या पनि लगभग पक्का भइसकेको छ । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ नेपाली कांग्रेस ५५ सिट र २ स्थानमा अग्रता गरी कुल ५७ सिटका साथ पहिलो पार्टी बनेको छ भन्ने नेकपा एमाले प्रत्यक्षमा ४४ सिटका साथ दोश्रो ठूलो पार्टी बनेको छ । प्रत्यक्ष र समानुपातिक दुबै गरी कांग्रेसको करिव ९० र एमालेको ७८ प्रतिनिधिसभा सदस्य हुने देखिन्छ । मधेश प्रदेशमा प्रत्यक्षतर्फ १५ स्थानमा विजयी भएर एमाले पहिलो पार्टी बनेको छ भन्ने नेपाली कांग्रेस १३ सिटका साथ दोश्रो ठूलो दल बनेको छ । समानुपातिकतर्फ भने प्रतिनिधिसभामा एमाले सर्वाधिक लोकप्रिय मत प्राप्त गरेको छ भन्ने मधेश प्रदेशमा नेपाली कांग्रेसले । २०७४ को प्रदेशसभा निर्वाचनमा मधेशमा २९ प्रदेशसभा सदस्यसहित पहिलो बनेको जनता समाजवादी पार्टी ९ सांसदमा सीमित भइ तेश्रो दल बनेको थियो,भने मसिहाहरुको हालीमुहाली रहेको लोकतान्त्रिक समाजवादी पार्टी प्रतिनिधिसभामा तीन प्रतिशतको थ्रेस होल्डसमेत कटाउन सकेको छैन । २०७४ मा २५ सांसदका साथ दोश्रो ठूलो दल बनेको लोसपा भने यस निर्वाचनमा ७ प्रदेशसभा सदस्यमा खुम्चिनु परेको छ।

प्रतिनिधिसभामा रवी लामिछानेको ५ महिना पुरानो राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १४ गरी २१ प्रतिनिधिसभा सदस्य पाउने पक्का छ। जेलबाटै नेतृत्व गर्दै आएको रेशमचौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले ३ तथा मधेशमा नयाँ शक्तिको रुपमा उदाएको सिके राउत नेतृत्वको जनमत पार्टीले १ प्रत्यक्ष र ४ समानुपातिक गरी ५ प्रतिनिधिसभा सदस्य पक्का गरेको छ। मधेश प्रदेशमा भने जनमतका उम्मेदवारहरु प्रत्यक्षतर्फ ६ स्थानमा विजयी भएका छन भने समानुपातिकतर्फ उपेन्द्र यादव नेतृत्वको जसपा भन्दा पनि अधिक मत प्राप्त गरी ५ समानुपातिक सांसद पाउने सम्भावना छ। यस प्रकार मधेश प्रदेशमा जनमतको सांसद संख्या १० भन्दा अधिक पुग्ने अनुमान गर्न सकिन्छ।

समानुपातिकतर्फको मतपरिणाम,दलहरुले पाएको मतको विश्लेषण,क्लस्टर अनुसारको सिट संख्याको मिलान आदिमा केही समय लाग्न सक्ला तर दलहरुका शीर्ष नेताहरु संघ र प्रदेशमा सरकार बनाउने रणनीतिमा जुटिसकेका छन् । जनमत पार्टीका अध्यक्ष सिके राउत कांग्रेस सभापति शेरबहादुर देउवा,माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायतका शीर्ष नेताहरुसंग भेट्न भ्याएका छन् । रेशम चौधरी हिरासतमा रहेको केन्द्रीय कारागार शीर्ष नेताहरुको लागि मन्दिरसरि भएको छ। उनीहरु चौधरीसंग भेट्दै सरकारमा सहभागी हुन र सरकार बनाउन मदत गर्न अनुनय विनय गर्दैछन्।

यस पटकको निर्वाचन परिणामले ठूला राजनीतिक दल र शीर्ष नेताहरुलाई अस्वीकार गरेको देखिन्छ । मतदाताहरुले दिएका मतादेशले भन्छ -' बाजे पुस्ता विश्राम गर । बुवा पुस्ता मार्गदर्शन देउ अनि युवा पुस्तालाई नेतृत्व गर्न देउ । आन्दोलनको ब्याज कहिलेसम्म खाई रहने ?' । नभए एमालेलाई रोक्न कांग्रेस,माओवादी केन्द्र,एकीकृत समाजवादी,लोकतान्त्रिक समाजवादी पार्टी र जनमोर्चाको गठबन्धनले स्पष्ट बहुमत पाउथे नि त ? दुई दुई पटक संसद विघटन गरेर अपजस कमाएको एमाले,राष्ट्रिय प्रजातन्त्र पार्टी,जनता समाजवादी पार्टी र राप्रपा नेपालसहितका पार्टीहरुको गठबन्धनको पत्ता साफ हुन्थे नि त ? तर मतदाताले न कांग्रेस नेतृत्वको गठबन्धनलाई स्पष्ट बहुमत दिए न त एमाले नेतृत्वको गठबन्धनलाई बरु युवाहरुको बाहुल्यता रहेको रवी लामिछाने र उच्च शिक्षाप्राप्त सिके राउतमाथि विश्वास जनाए।

> "
> **'बाजे पुस्ता विश्राम गर । बुवा पुस्ता मार्गदर्शन देउ अनि युवा पुस्तालाई नेतृत्व गर्न देउ । आन्दोलनको ब्याज कहिलेसम्म खाई रहने ?' ।**

अचेल २०७४ भन्दा दोब्बर स्थानमा जितेर प्रतिनिधिसभाको सबभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस खुसीयाली मनाउने स्थितिमा छैन। पहिलाको भन्दा आधा सिटमा झरेका नेकपा एमाले र माओवादी केन्द्र दुःख मनाउ गर्ने स्थितिमा छैनन् । पहिलो निर्वाचनमै प्रतिनिधिसभाको चौथो ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवी लामिछाने र पहिलो निर्वाचनमै अचम्मको शक्ति बटुलेका सिके लाल उर्फिन थालेका छैनन्।

समग्रमा भनौ भने २०७९ को आम निर्वाचनमा पुराना दल र शीर्ष नेताहरुको हार भएको छ । देउवा, ओली, प्रचण्ड, माधव, उपेन्द्र, महन्थ लगायतका शीर्ष नेताहरुको विलासी जीवन शैली, भाई भतिजावाद, राज्य संचालन विधि, प्रकृया आदिलाई मतदाताले मन पराएका छैनन् । यस पटकको निर्वाचनमा यदि सबैभन्दा अधिक कुनै दललाई भएको छ भन्ने त्यो हो मधेशवादी भनिएका जसपा र लोसपा। मधेश आन्दोलनको बलमा स्थापना भएका यी दुई दलका नेताहरु व्यक्तिगत स्वार्थपूर्तिका लागि कांग्रेस र एमालेसंगको अप्राकृतिक गठबन्धनलाई मधेशी जनताले अस्वीकार गऱ्यो । मधेशी जनताको सदिक्षा थियो-' मधेशवादी दलहरु मिलेर भोट माग्न आओस् । उनीहरुले गरेको गल्तीलाई माफ दिउँला तर उनीहरु अप्राकृतिक गठबन्धन गरे। अनि मधेशी जनताले मधेशवादी पार्टीलाई दण्डित गरे।'

तर मलाई अचम्म लाग्छ -सत्ता गठबन्धनले बहुमत नपाउँदा गठबन्धन निकट नेताहरु आत्मसमीक्षा गरेको पाइन्न । एमाले र माओवादी केन्द्र आधीमा झर्दा पनि यी दलका नेताहरुमा अलिकति पनि ग्लानी बोध छैन । नराम्ररी पछारिदा पनि जसपा र लोसपाका नेताहरुले आत्ममंथन गरेको देख्दिन । सुन्दिन । पढदिन । गल्ती स्वीकार नगर्ने,परिणामको समीक्षा र आत्मलोचना नगर्ने दल होस कि व्यक्ति भविष्यमा कहिल्यै पनि सफल नभएको अनेकौ उदाहरणहरु छन् । नेताजीहरु हो। आत्मआलोचना गर्नोस्। कारण मत परिणाम पश्चात् तपाईहरुको घैटोमा घाम लाग्नु पर्ने हो। लागेको छैन भन्ने भीडबाट झर्दै गोरुको लागि राम राम भन्न सकिन्छ। कांध थाप्न सकिन्न।

# मोटरसाइकल चोर पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा मोटरसाइकल चोरको गिरोह पक्राउ परेका छन् । श्रृंखलाबद्ध रुपमा मोटरसाइकल चोरी गरेको आरोपमा सात जना पक्राउ परेका छन्।

धनुषा प्रहरीले सात जनालाई चोरीको पाँचवटा मोटरसाइकलसहित पक्राउ गरेको धनुषाका प्रहरी नायव उपरीक्षक दीपक रायले जानकारी दिए।

उनका अनुसार जनकपुरधाम उपमहानगरपालिका १४ का २१ वर्षीय रूपेश यादव, १९ वर्षीय गुलशन नदाफ, २२ वर्षीय भरत साह, मिथिला विहारी नगरपालिका ६ का ३० वर्षीय मनोहर कुमार यादव, महोत्तरी वलवा नगरपालिका ५ का बिक्की कुमार यादव, सोही ठाउँका २६ वर्षीय विवेक कुमार झा र सिरहा कल्यानपुर नगरपालिका ५ का १९ वर्षीय नितेश यादव पक्राउ परेका छन्।

उनीहरु सबैमाथि चोरी मुद्दा चलाइएको छ। प्रहरीले पाँच वटा मोटरसाइकल पनि बरामद गरेको छ । पछिल्लो समय धनुषामा धेरै संख्यामा मोटरसाइकल चोरी भइरहेको छ।

प्रहरी चोरीको धेरै निवेदन परे पनि कतिपय चोरले तुरुन्तै मोटरसाइकल भारत पठाउने गरेको छ । भारत पठाएको मोटरसाइकल प्रहरीलाई खोज्न कठिनाइ हुने गरेको छ।

यस्तै, शुक्रबार नै प्रहरीले भन्सार छलिको सामान पनि बरामद गरेको छ । धनौजी गाउँपालिका ४ भडरियाबाट एक लाख ४४ हजारको सामान बरामद गरेको छ। बरामद भएको सामान कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा पठाइएको छ।

# गुणस्तरहीन काम गर्ने ११ जनाविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तरहीन काम गर्ने ११ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

राज्यको स्रोत तथा साधनको दुरुपयोग गरेको आरोपमा सर्लाहीको चक्रघट्टा गाउँपालिकाका तत्कालीन गाउँपालिका अध्यक्षसहित ११ जनाविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ।

चक्रघट्टा गाउँपालिकाका-४ सुन्दरपुरस्थित बहिदको जग्गादेखि ढुङ्गाखोलासम्म पक्की नाला निर्माण गर्ने कार्यमा गुणस्तरहीन कामगरेकोअभियोगकागाउँपालिकाका अध्यक्ष विक्रम यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार पाठक, इञ्जिनीयर अजय यादव र लेखापाल शिवशंकरप्रसाद कुसवाहविरुद्ध तीन लाख ४१ हजार पाँच सय ४४ बराबरको बिगो दाबी गरिएको आयोगले जनाएको छ । सोही गाउँपालिका-४ का वडाध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्य विजयकुमार चौधरी र विनोद साह, इञ्जिनियर अजय यादव र सवइञ्जिनीयर जीतेन्द्र यादवविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कारबाहीको माग गरिएको छ।

आयोगले उपभोक्ता समितिका अध्यक्ष शेख मोहम्मद इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मोहम्मद इरफानविरुद्ध ३ लाख ४१ हजार ५ सय ४४ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए।

# माफी मागन लगाएको रिसमा हत्या, दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला विहारी नगरपालिका ४ कजरा रमौलका ५३ वर्षीय प्रभु यादवको हत्या भएको छ । विहीबार राति दुई पक्षीय विवाद भएपछि उनको हत्या भएको छ।

स्थानीय सुरज यादव लगायत उनको परिवारले धरिलो हतियार प्रहार गरी बुवाको हत्या गरिदिएको मृतकको कान्छो छोरा अशोक कुमार यादवले बताए।

उनका अनुसार विहीबार राति दुई महिना अगाडि पञ्चायतको विषय जोडेर विवाद भएको थियो । सोही विवादमा प्रभुको श्रीमती महजनी देवी यादव, जेठो छोरा जगन्नाथ यादव, माइलो संतोष यादव र कान्छो अशोक घाइते भएका छन्।

महाजनीको हात भाचिएको छ । सन्तोषको दुई वटा औला काटिएको छ। टाउकोमा १९ वटा टाका लागेको छ भने कान्छो र जेठो सामान्य घाइते भएका छन्।



अहिले प्रभुको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पतालमा राखिएको छ। उनको कान्छो छोरा अशोकका अनुसार दुई महिना पहिले सुरजको बाख्राले प्रभुको लौका (सजमन)को बोट खाएको थियो। सोही विषयमा गाली गलौज गर्दा विवाद भएको थियो।

विवाद समाधान गर्न गाउँमै छिमेकीहरुको उपस्थितिमा पञ्चायत राखिएको थियो । पञ्चायतले सुरजलाई माफी मागेर विवाद समाधान गर्न सुझाएको थियो।

त्यही रिसमा दुई महिना पछि विहीबार राति पनि दुबै पक्षबीच विवाद भएको थियो । विवाद उग्र रुप लिएपछि भीडमा धरिलो हतियार प्रहारबाट घटनास्थलमै प्रभुको मृत्यु भएको थियो।

तर,धनुषाका प्रहरी नायव उपरीक्षक दीपक रायले जग्गाको विषयमा दुई पक्षबीच विवाद भएको बताए। उनका अनुसार एक पक्षको हतियार प्रहारबाट प्रभु घाइते भएका थिए । उपचारको लागि ल्याउने क्रममा प्रभुको मृत्यु भएको थियो । घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पक्राउ पनि गरिएको छ। स्थानीय ४१ वर्षीय लालबाबु यादव र ३१ वर्षीय सुरेश यादवलाई पक्राउ गरिएको छ। उनीहरुलाई जिल्ला अदालत धनुषाबाट पाँच दिनको म्याद थप गराई अनुसन्धान सुरु गरेको उनले बताए। उनीहरुमाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा चलाइएको छ।

घटनामा संलग्न अन्य फरार रहेको उनले बताए । तर अनुसन्धान जारी रहेको हुनाले छिटै पक्राउ गरिने उनले बताए । पक्राउ परेका दुबै जना मुख्य आरेपित सुरजका छिमेकी रहेको बताइएको छ।

मृतक यादवको छोरा अशोकले सुरज यादवको परिवारले हत्या गरेको आरोप लगाएका छन् । समूहमा आएर ब्रह्मदेव यादव, शिव यादव, संजीव यादव रोहन यादव लगायतको व्यक्तिले कुटपीट गरेको उनको भनाइ छ।

# सप्तरीमा ३८ जनाले जोगाए जमानत

टुडे समाचारदाता

राजविराज। सप्तरीमा मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका मध्ये ३८ जनाले मात्रै जमानत जोगाउन सफल भएका छन्।

जिल्ला निर्वाचन कार्यालयका अनुसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि कुल १ सय ७६ जनाले उम्मेदवारी दर्ता गराएका थिए। जस मध्ये ३८ जनाको मात्र जमानत जोगिएको छ।

जमानत गुमाउनेको संख्या १ सय ३८ रहेको छ। जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेश कुमार जोशीका अनुसार चुवानी मैदानमा होमिएका १ सय ७६ मध्ये प्रतिनिधिसभातर्फ ५८ र प्रदेशसभातर्फ ८० गरी कुल १ सय ३८ जनाले जमानत जोगाउन सकेनन्। जमानत जफत हुने मध्ये अधिकांश स्वतन्त्र र साना दलका उम्मेदवार परेका छन्।

चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा प्रतिनिधिसभातर्फ सबभन्दा बढी क्षेत्र नं.१ मा १७ जनाको जमानत जफत भएको छ।

यस्तै,८ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा सबभन्दा बढी प्रदेशसभा २ को १ र २ मा गरी २५ जनाको जमानत जफत भएको उनले जानकारी दिए।

निर्वाचन निर्देशिका अनुसार कुल सदर मतको १० प्रतिशत ल्याएको उम्मेदवारको जमानत मात्रै जोगिने व्यवस्था रहेको छ।

४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेको जिल्लामा कुल २ लाख ७९ हजार ५ सय ६६ मत खसेको थियो।

# घुरबाट गोठमा आगो सल्कियो

**टुडे समाचारदाता**

गरुडा । रौतहटमा पछिल्लो समय आगजनीको घटनामा वृद्धि भएको छ। एकसाता अघि गौरमा एकजनाको घरमा आगलागी हुँदा तीन बालबालिकाको जलेर मृत्यु भएको र दुई दिन अघि फतुवा विजयपुर नगरपालिकाको शीतलपुरमा एकजनाको धानको भारीमा आगजनी भएको घटना सेलाउन नपाउँदै बिहीवार राति फेरि दुर्गा भगवती गाउँपालिकामा आगजनी भएको छ।



दुर्गा भगवती गाउँपालिका वडा नं.४ छतौनाका हरिराय यादवको गोठमा बिहीवार राति भीषण आगजनी भएको छ।

आगजनीमा परेर गोठमा बाँधिएको ३ वटा भैंसी र ५ वटा बाख्राको जलेर ज्यान गएको छ।

वस्तुभाउ बाँध्ने गोठमा लामखुट्टे धपाउन बालिएको घुरबाट मध्यरातमा सल्किएर भएको आगलागीबाट गोठ पूर्णरुपमा जलेर नष्ट भएको र ८ वटा पशुचौपायाकोसमेत जलेर ज्यान गएका कारण करिब ८ लाखभन्दा बढीको क्षति भएको पीडित परिवारको भनाइ छ।

घरका सबै सदस्य सुतेको अवस्थामा मध्यरातमा भएको आगलागी बारे कसैले थाहा नपाउँदा लाखौंको सम्पत्ति जलेर खरानी भएको पीडित यादवले बताए।

लामखुट्टे धपाउन बाल्ने गरिएको घुरबाट सल्केर प्रत्येक वर्ष रौतहटमा आगलागी हुने गरेको र त्यसबाट ठूलो धनजनको समेत क्षति हुँदै आएको छ।

# तरकारी खेतीको नयाँ शैली

**टुडे समाचारदाता**

राजविराज । एक कृषकले नयाँ प्रविधिबाट तरकारी खेती सुरु गरेका छन्।

राजविराज-७ खरसाल टोलका सुखराम यादवले उपचारमा प्रयोग हुने स्लाइन पानीको खाली बोतलमा ट्युबेलको पानी भरेर तरकारीका बोटमा सिंचाई गरी तरकारी खेती गर्न थालेका छन्।



बोट पिच्छै स्लाइन पानीका बोतलमा मसिनो पाइप जडान गरी थोपा थोपा सिंचाई गर्दा छुट्टै मानिस खट्नु पर्ने झन्झट न रहेको बताउँदै उनले यस प्रविधिबाट समय र पैसा दुबैको बचत सँगै कम लागतबाटै राम्रो फाइदा लिन सफल भएको बताए। आफनो दशधुर जग्गाबाट तरकारी खेती गर्न थालेका उनले अस्पतालमा प्रयोग भइ खाली रहेका प्लास्टीकका स्लाइन पानीका बोतल संकलन गरी त्यसमा पानी भरेर बाँसको लठ्ठीमा झुण्ड्याई तरकारी बोटमा सिंचाई गर्न सुरु गरेका छन् । बोतलमा पानी भरिदिएपछि थोपा थोपा गरी बोटको जरामा खस्ने र पानीको अभाव न रहने उनले बताए।

नयाँ तरिकाले सिंचाई सुरु गरेको यादवको तरकारीबाली राम्ररी फस्टाउँदै गएको छ। सिंचाईका लागि नया तरिका अपनाएपछि आसपासका मानिसहरु समेत हेर्न आउँदा दिनभरि घुँइचो लाग्ने गरेको यादवले सुनाए।

नागरिक संजाल सप्तरीका अध्यक्षसमेत रहेका यादवले यस अघि जिल्लामा ल्याएको मुठिया चामल बचत योजना (घर घरमा एक/एक मुठी चामल दैनिक बचत गर्ने) नौलो कार्यक्रम पनि निकै प्रभावकारी र चर्चित बन्न पुगेको थियो।

# गाँजाको बोट फँडानी

**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले चार महिनाको अवधिमा ३ हजार भन्दा बढी गाँजाको बोट फँडानी गरेको छ।

गाँजा खेती हुने गरेको सूचनाका आधारमा पुगेको प्रहरी टोलीले जिल्लाको विभिन्न पालिकाबाट ३ हजार ८ सय ५४ बोट फँडानी गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी डिएसपी नरेश कुमार सिंहका अनुसार जिल्लाको राजविराज नगरपालिका, शम्भुनाथ नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, डाक्नेश्वरी नगरपालिका, विष्णुपुर गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका, राजगढ गाउँपालिका, अग्नीसाइर कृष्णासवरण गाउँपालिका र तिरहुत गाउँपालिकाको विभिन्न वडामा लगाइएको उक्त परिमाणको गाँजाको बोट प्रहरीले नष्ट गरेको छ।

जिल्लाको खोजी टोलीले गाँजा खेती भइरहेको स्थानको पहिचान गरिसकेपछि थप प्रहरी टोली खटाई अवैध गाँजा फँडानी गर्ने गरिएको उनले जानकारी दिएका छन।

भारतीय बजारमा महँगो मूल्यमा बिक्री हुने गरेकाले यहाँका केही कृषक लुकिछिपी प्रतिबन्धित नशालु पदार्थ गाँजाको खेती गर्दै आएका छन्।

अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा प्रहरीले जिल्लाको विभिन्न स्थानमा अवैधरुपमा लगाइएका ४ हजार ७ सय ५० भन्दा बढी गाँजाको बोट फँडानी गरेको जिल्ला प्रहरी कार्यालयको तथ्यांकले देखाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८